जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

हार्दिक शुभकामना

सदभाव र मेलमिलापको रंगोत्सव त्यौहारको पावन अवसरमा सम्पूर्ण पाठक, दर्शक, श्रोता, विज्ञापनदाता, शुभेच्छुकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल

परिवार, जनकपुरधाम

नोट : होलीको अवसरमा जनकपुर टुडेको कार्यालय मंगलवार र बुधवार विदा रहने भएकोले आगामी अंक शुक्रवार प्रकाशन हुनेछ । प्रकाशक

वर्ष २५ • अंक २९९ • २०८० साल चैत्र १३ गते मंगलबार (26 March, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## धनुषाका कार्की राज्यमन्त्री



**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी(जसपा)बाट संघीय सांसद दीपक कार्कीले सोमवार वन तथा वातावरण राज्यमन्त्रीको शपथ ग्रहण गरेका छन् ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार कार्कीले राज्यमन्त्रीको शपथ ग्रहण गरेका हुन् ।उनलाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राज्यमन्त्रीको शपथ ग्रहण गराएका हुन् ।

कार्की धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्य पदमा निर्वाचित भएका हुन् ।उनी पहिलो पटक सांसद निर्वाचित भएका हुन् । सो क्षेत्रमा जसपाको संगठनलाई सुदृढ बनाएका कार्की विवादरहित नेताको छवि पनि बनाएका छन् ।

कार्कीलाई राष्ट्रपति रामचन्द्र पौडेलले राज्यमन्त्री नियुक्त गरेका थिए । उनलाई प्रधानमन्त्री प्रचण्डको सिफारिसमा राज्यमन्त्रीमा नियुक्त गरिएको हो । उनी जसपाबाट राज्यमन्त्री बनेका हुन् भने वन मन्त्रालयमा सोही पार्टीका नवलकिशोर साह सुडी मन्त्री रहेका छन् ।

जसपाका अध्यक्ष समेत रहेका उपेन्द्र यादव मन्त्री रहेको स्वास्थ्य मन्त्रालयमा नै कार्कीलाई राज्यमन्त्री बनाउने आश्वासन मिलेको थियो ।तर निर्णय हुँदा उनी वन तथा वातावरण मन्त्रालयमा राज्यमन्त्री भएर सपथ लिएका छन् । विगतमा यादव स्वास्थ्य मन्त्री रहेको बेला डा.सुरेन्द्र यादवलाई त्यसमा राज्यमन्त्री राखिएको थियो ।अध्यक्ष यादव पार्टीको काममा बढी सकृय रहनु परेकाले मन्त्रालयको काम राज्यमन्त्रीबाट गराउने बताइएको थियो ।

धनुषा जिल्लाको राजनीतिमा स्वच्छ छविका मिलनसार नेताको पहिचान बनाएका कार्की नेपाली कांग्रेस छाडेर जसपाबाट चुनाव लडेका थिए ।संघीय व्यवस्थामा उनी पहिलो पटक भएको चुनावमा पनि जसपाबाट नै उम्मेदवारी दिएका थिए ।तर माओवादी केन्द्रका नेता मातृका यादवसित पराजित भएका थिए ।यस पटक उनी यादवलाई पराजित गरी राज्यमन्त्री सम्म पुगेका छन् ।

उनी धनुषा जिल्लामा राजनीतिक पृष्ठभूमि भएका परिवारबाट आएका हुन् ।उनका पिता बलराम सिंह कार्की (बाबा) तत्कालीन जिल्ला पञ्चायतका सभापति निर्वाचित भएका थिए ।

कांग्रेस पार्टीमा लामो समय काम गरेका कार्कीले अवसर नपाएपछि पार्टी छाडेर जसपामा प्रवेश गरेका हुन् ।उनी जसपामा लागेदेखि केन्द्रीय समिति सदस्य र राजनीतिक समिति सदस्य हुन् ।महत्वाकांक्षा कम राख्ने तर जनताबीच घुलमिल हुने स्वभावका कार्की राज्यमन्त्री भएपछि उनको निर्वाचन क्षेत्रमा खुशियाली देखिएको छ ।तर उनलाई स्वास्थ्य मन्त्रालयमा जिम्मेवारी नदिएपछि समर्थकहरुमा खिन्नता पनि देखिएको छ ।

# प्रदेशको बाँडफाँट सहमति नजिक, मधेश प्रदेश जसपालाई

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय सत्तारुढ गठबन्धनका शीर्ष नेताहरुले प्रदेश सरकारको नेतृत्वको भागबण्डा मिलाएका छन् । प्रदेश सरकारको नेतृत्व भागबण्डामा सत्तारुढ दलहरुबीच सहमति जुटेको उच्चस्रोतले जनाएका छन् ।

नेपाली कांग्रेसको नेतृत्व रहेको प्रदेशहरु नेकपा एमालेले पाउने भएको छ ।एमालेले कोशी प्रदेश सरकारको नेतृत्वलाई अनिवार्य गरेको छ ।कोशी प्रदेश सहित तीनवटा प्रदेशको नेतृत्व एमालेले मागेको छ ।त्यसमा सहमति जुटेको स्रोतले बताएका छन् ।

जनता समाजवादी पार्टी(जसपा)ले मधेश प्रदेशको नेतृत्व पाउने छ ।जसपालाई अन्य प्रदेशमा नेतृत्व गर्ने संख्या नरहेकोले मधेश प्रदेश नै दिनेमा नेताहरु सहमत भएको स्रोतले जनाएका छन् ।जसपाका अध्यक्ष उपेन्द्र यादव सत्ता गठबन्धनमा सहभागी हुँदा नै मधेश प्रदेशको नेतृत्वलाई 'बटमलाईन' बनाएका थिए ।

स्रोतहरुका अनुसार माओवादी केन्द्रले दुई वटा र नेकपा एसले एउटा प्रदेशको नेतृत्व लिने सहमति भएको छ ।सरकारमा ढिला गएको एसले एउटा प्रदेशमा अनिवार्य रुपमा नेतृत्व पाउनु पर्ने दाबी गरेका थिए । एसका अध्यक्ष माधवकुमार नेपाललाई फकाउन एउटा प्रदेशको नेतृत्व दिन लागेको स्रोतले जनाएका छन् ।

उपनिर्वाचनमा बझांग जिल्लामा प्रदेश सभासदस्यमा उम्मेदवार उठाउने बताएपछि प्रदेश सरकारको नेतृत्व दिन लागिएको हो ।एमालेका उम्मेदवारलाई एसले नसघाए चुनाव जित्न मुश्किल हुन सक्छ ।हुनत कांग्रेसले अझै उम्मेदवारको विषयमा निर्णय गरिसकेको छैन् ।

उपनिर्वाचनको क्रममा इलाम र बझांगमा एमालेले उम्मेदवार घोषणा गरिसकेको छ ।तर नेपालले बझांगमा कोटा पाउनु पर्ने अडान लिएका छन् । नेपालले उम्मेदवार उठाउने अडान नछाडेपछि एमाले अध्यक्ष केपी शर्मा ओली पछि हट्ने अवस्था नरहेको शीर्ष नेताहरुको बैठकमा प्रष्ट गरेका छन् ।

> उपनिर्वाचनको क्रममा इलाम र बझांगमा एमालेले उम्मेदवार घोषणा गरिसकेको छ ।तर नेपालले बझांगमा कोटा पाउनु पर्ने अडान लिएका छन् । नेपालले उम्मेदवार उठाउने अडान नछाडेपछि एमाले अध्यक्ष केपी शर्मा ओली पछि हट्ने अवस्था नरहेको शीर्ष नेताहरुको बैठकमा प्रष्ट गरेका छन् ।

बैठकमा माओवादी अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', एमाले अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको सहभागिता थियो ।सत्तागठबन्धनका साझेदार जसपाका अध्यक्ष उपेन्द्र यादवलाई भने बोलाइएको थिएन् ।

प्रदेशमा चुनाव नलडेका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले चासो नलिएको कारण बैठकमा सहभागी गराइएको थिएन् ।तर रास्वपाले इलाममा उम्मेदवारी दिने घोषणा गरिसकेको छ । तीन नेताबीच प्रदेश सरकारको नेतृत्व विषयमा सहमति जुटेपछि जसपा अध्यक्ष यादवलाई समेत राखेर अब बस्ने सत्ता साझेदार दलहरुको बैठकले भागबण्डा टुंगो लगाउने तयारी छ ।

नेकपा एसले सरकारबाट समर्थन फिर्ता लिए जसपा पनि सरकारबाट बाहिरिने निश्चित छ ।एस र जसपा बाहिरिएपछि सरकारले बहुमत गुमाउने छ ।सरकारले बहुमत गुमाउने बितिकै ठूलो दलको हैसियतमा कांग्रेसले सरकारमा दाबी गर्न सक्ने चिन्ता माओवादी र एमालेका नेताहरुको देखिन्छ ।

स्रोतहरुका अनुसार मंगलवार प्रदेश नेतृत्वको टुंगो लगाइने संकेत प्रधानमन्त्री प्रचण्डले आफ्ना नेता, कार्यकर्ताहरुलाई दिइसकेका छन् ।बागमती प्रदेश कमिटीको सोमबार बसेको बैठकमा प्रधानमन्त्री प्रचण्डले मंगलबार साँझ सम्म प्रदेशको नेतृत्व सम्बन्धी निर्णय हुने बताएका थिए ।

नागरिक उन्मुक्ति पार्टी(नाउपा)ले सुदुर पश्चिममा सरकारमा दाबी गरेको छ ।नाउपाको भरमा सुदुर पश्चिममा कांग्रेसले सरकार चलाइरहेको छ ।त्यहाँ सभामुखको कारण कोशी प्रदेशको समस्या दोहरिने संभावना छ ।

बागमती प्रदेशमा पनि सत्तारुढ गठबन्धनसित बहुमत छैन् ।संघीय सरकारमा साझेदार नबनाइएको राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)को समर्थन अनिवार्य जस्तै भएको छ ।राप्रपाले समर्थन दिन सक्ने संकेत गरेपनि सिटको बाँडफाँट विषयमा अझै छलफल भइसकेको छैन् ।

राप्रपा र नाउपाले समर्थन नगरे तीनवटा प्रदेशमा सत्तागठबन्धनलाई सरकार बनाउन सहज छैन् ।कोशीमा हाल कांग्रेसको सरकार छ ।सुदुरपश्चिम , गण्डकी र लुम्बिनीमा पनि कांग्रेसको नै सरकार छ ।बागमती, कर्णालीमा माओवादीको सरकार रहेको छ ।मधेश प्रदेशमा जसपा निरन्तर छ ।तर जसपाको नेतृत्व फेर्नुपर्ने दबाब माओवादी, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) र एमालेले बनाउँदै आएका छन् ।नेतृत्वकै कारण जनमतले सत्ता गठबन्धन छाडेको अवस्था छ ।






# सभ्य बन्दै होली



काठमाण्डु । बाटोमा हिँड्दै गर्दा अचानक छातीमा लोला प्रहार भयो । कोटेश्वरकी भावना खड्कालाई त्यो प्रहारले केहीबेर निकै पीडा दियो । सम्हालिए घरतर्फ जान पनि गाह्रो भयो ।

"लोला कहाँबाट कसले हान्यो थाहा छैन । लोला प्रहारले निकै पीडा दियो", खड्काले पाँच वर्षअघिको अनुभव सुनाउनुभयो । उहाँको स्मृतिमा त्यो पीडा अहिले पनि ताजै छ ।"अरुलाई पीडा दिने गरी लोला हानेर बुरा नमानो होली है भन्नु राम्रो होइन । अरुलाई दुःख दिएर होली कसरी सद्भावको पर्व बन्ला ?," उहाँले भन्नुभयो ।

तर अहिले समय फेरिएको छ । होली तुलनात्मकरुपमा सभ्य बन्दै गइरहेको उहाँको अनुभव छ । भावनाकै अनुभवमा होली पाँच वर्ष अघिको जस्तो छैन । होली मनाउने तरिका फेरिएको छ । मानिसहरुको शैली बदलिएको छ । आइतबार तीनकुनेस्थित खुल्ला चौरमा साथीसँग होली खेल्दै गरेकी उहाँलाई कुनै अपरिचितले रङ लगाइदेला र लोला हान्ला भन्न संशय थिएन । नेपाल प्रहरीले कसैलाई जबरजस्ती छुन नपाइने र अनुमति बिना होली खेल्न नहुने भन्दै कारबाही सुरु गरेपछि होली सभ्य बन्दै गएको उहाँको बुझाइ छ । खड्कको जस्तै अनुभव छ, कीर्तिपुरका झरना मर्हजन र सिर्जना बस्नेतको । उहाँहरु दुवैजना होली खेल्न वसन्तुपुर पुग्नुभयो । तर बाटोमा कसैले दुर्व्यवहार गरेनन् । कसैले जवर जस्ती रङ दलेनन् । लोला हानेनन् । "अहिले त होली निकै अनुसाशित ढङ्गले खेल्न थालिएछ", उहाँले भन्नुभयो, "सुरक्षित र सभ्य भएपछि थप रमाइलो पनि भएको छ ।"

आइतबार होली खेल्न वसन्तपुर पुग्नुभएकी झापाकी जुना विश्वकर्मा पनि होलीमा कसैले दुर्व्यवहार नगरेको बताउनुभयो । "होस्टेलमा बस्ने हाम्रा लागि होस्टेलको नियम पनि मान्नुपर्छ । खुलेर होली खेल्ने छुट थिएन । तर पनि वसन्तपुर पुगेर राम्रोसँग मनाउन पाइयो", उहाँले भन्नुभयो । उहाँले राति अबेरसम्म साथीहरुसँग रङ खेलेर होली मनाउनुभयो ।

"प्रहरीको उपस्थिति र निगरानी पनि राम्रो थियो । यसले हामीलाई निर्धक्कसँग होली खेल्न सहज भयो", उहाँले भन्नुभयो, "विगतमा होली खेल्न जाँदा केटाहरुलाई सुरक्षा गार्ड बनाएर हिँड्नु पर्दथ्यो । केटी मात्रै देख्यो त समाएर जथाभावी रङ दलेर दुख दिन्थे ।" तर यसपाली कसैको साहरा बिना होली खेलेको उहाँले सुनाउनुभयो । होस्टेलका केटी साथी मिलेर स्वतन्त्र रुपमा होली खेलेको जुना बताउनुहुन्छ । "होली खेल्नु पर्छ तर गलत मनसायले छोएको कसलाई मन पर्छ र ?", उहाँले भन्नुभयो, "यसपाली होली मर्यादित रुपमा खेलिएको महसुस गरेकी छु ।"

समाजशास्त्री मीना पौडेल पहिले होलीपर्व सुन्दै डराउनुहुन्थ्यो । खेल्ने र रमाइलो गर्ने त कुरै रहेन । उहाँसँग पर्वका नाममा गरिएको दुर्व्यवहारको पीडादायी अनुभव छ । विसं २०४२ सालमा क्याम्पस पढ्न काठमाडौँ आएको वर्षको होलीले उहाँलाई तर्साएको हो । "रत्नपार्कतर्फ जाँदै थिएँ, दूधको प्याकेटमा ढलको पानी मिसाएर मुखैभरी छ्यापे । त्यतिबेला सहनु बाहेक केही विकल्प थिएन", उहाँले सुनाउनुभयो । मीनालाई उक्त घटनाको असर आजसम्म पनि उत्तिकै छ ।

तर, अहिले समय बदलिएको छ । समाज सभ्य बन्दै गएको सङ्केत होली पर्वबाट महसुस हुने उहाँको भनाइ छ । विगतमा होली पर्व नाममा महिलामाथि कुदृष्टि राख्ने गरिन्थ्यो भने अहिले मित्रवत र मर्यादित व्यवहार गर्ने शैली बढेको छ । "अचेलका युवा पुस्ता चेतनशील हुँदैछन् भन्ने सङ्केत पनि हो", उहाँले भन्नुभयो, "यसको कारण प्रहरी प्रशासनको कडाइ पनि हो ।"काठमाडौ उपत्यका प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक दिनेशराज मैनाली विगतको तुलनामा होली खेल्ने शैलीमा निकै सुधार आएको बताउनुहुन्छ ।

होली पर्व सभ्य बनाउनकै लागि उपत्यकामा उल्लेख्य मात्रामा सुरक्षाकर्मी खटिएका थिए । सादा पोशाकमा प्रहरी परिचालनदेखि ड्रोन र सिसी क्यामरामार्फत निगरानी गरिएको उहाँले जानकारी दिनुभयो । ललितपुरमा भएको दुर्घटनाबाहेक अन्यत्रमर्यादितरुपमाहोलीमनाइएको उहाँको भनाइ छ ।रासस

# होलीमा पक्राउ परेका मध्ये एक सय पाँच रिहा



टुडे समाचारदाता

काठमाण्डु । आइतबार पहाडमा सम्पन्न होलीको क्रममा संघिय राजधानी काठमाण्डुमा पक्राउ परेका मध्ये प्रशासनले केहिलाई सोमबार रिहा गरेको छ ।

होलीमा जथाभावी रङ दल्ने तथा होहल्ला गरेको आरोपमा पक्राउ परेका दुई सय ७७ मध्ये एक सय पाँच जना छुटेका हुन् । जिल्ला प्रहरी परिसर काठमाडौँले उनीहरुलाई काठमाडौँका विभिन्न स्थानबाट आइतबार पक्राउ गरेको थियो ।

गएराति छाडिएकामा एक सय दुई पुरुष र तीन जना महिला रहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्र खत्रीले जानकारी दिए । फागुपूर्णिमाका दिन नियम विपरीत काम गर्ने उनीहरु नियन्त्रणमा लिएको बताउदै उनले उनीहरुको अवस्था हेरेर एक सय पाँच जनालाई गएराति उनीहरुको परिवारको जिम्मा लगाइएको बताए । राति थप केही पक्राउ परेका छन्, उनीहरु सबैको हकमा छानबिन भइरहेको उनको भनाई थियो ।

जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले दुई पाङ्ग्रे सवारी तीन सय वटा र चारपाङ्ग्रे सात वटा सवारी साधनलई नियन्त्रणमा लिइ ट्राफिक प्रहरीको जिम्मा लगाइएको छ ।लापसे, मापसे गरी सवारी साधन चलाउने तथा कागजपत्र नबोक्ने, हेल्मेट नलगाई सवारी चलाएको अभियोगमा उनीहरुलाई सवारी साधन नियन्त्रणमा लिइएको हो ।

फागुपूर्णिमा अर्थात होली पर्वलाई सुरक्षित बनाउने भन्दै प्रहरीले हिजो आइतबार उपत्यकामा विशेष सुरक्षा व्यवस्था लागू गरेको थियो । विभिन्न ठाउँमा ट्राफिक चेकिङदेखि सादा पोसाकसहित गरी कूल तीन हजार प्रहरी खटाइएको थियो भने ड्रोनबाट समेत निगरानी गरिएको थियो ।

# राना थारु होलीको मौलिकता हराउँदै

कञ्चनपुर । राना थारु समुदायका अगुवा शुक्लाफाँटा नगरपाालिका-४ असैनाका सुग्रीव राना होलीको मौलिकता हराउँदै जान थालेकोमा निकै चिन्तित छन् । राना थारु समुदायको महत्वपूर्ण पर्व नै होली भएकाले यस पर्वलाई आधुनिक तरिकाले पस्किने चलनको अन्त्य हुनुपर्नेमा उहाँ जोड दिनुहुन्छ ।

"होलीको परम्परागत शैलीलाई जीवन्त राख्नका लागि राना थारु समुदायका अगुवाले अगाडि सर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "पहिला जुन विधिमा होलीको संस्कृति चल्थ्यो, त्यसलाई बचाइ राख्न सके मात्रै संस्कृति जोगिन्छ, राना थारु भएको कुरा चिनाउने नै फरक संस्कृति र संस्कार हो, त्यो भएन भने पहिचान नै गुम्छ ।" उहाँका अनुसार पहिला होली गाउँमा मात्रै सीमित रहने गरेको थियो । प्रत्येकको घरमा परम्परागत चलनअनुसार खेलिन्थ्यो । जसको घरमा होली खेलिन्थ्यो, रमाउँदै त्यही घरमा पाकेको खानेकुरा खाएर चित्त बुझाउनु पर्दथ्यो ।

होलीमा सगुनका रुपमा गुड भेली दिने चलन थियो । केहीले फगुवाका रुपमा पैसा पनि दिन्थे । हुनेखाने परिवारले दाल, भातसँगै मासु पनि खुवाउँथे । आर्थिक अवस्था कमजोर हुनेले गच्छेअनुसार दाल भात खुवाएर पठाउँथे । "हाल होली खेल्न गाउँमा मात्रै सीमित नभएर बजार क्षेत्रमा पुगेर खेल्ने गरिन्छ", उहाँले भन्नुभयो, "त्यो राना थारु समुदायको चलनभित्र पर्दैन, पैसा कमाउने धन्दाका रुपमा होलीलाई लिन थालिएको छ, त्यसले होलीको मौलिकता पनि खस्कँदै गएको छ, पुराना गीतको ठाउँमा नयाँ गीतले स्थान लिएको छ, कम्मर मर्काउँदै नाच्ने कार्य पहिला हुँदैनथ्यो, अहिले देखासिखिमै होलीलाई विकृत पार्न खोजिएको छ ।"

पहिलेको र अहिलेको होलीमा धेरै फरक आएको शुक्लाफाँटा नगरपालिका-६ का पूर्व वडाध्यक्ष जगता रानाले बताउनुभयो । "पहिला सादा होली खेलिन्थ्यो" उहाँले भन्नुभयो, "हाल आधुनिक (कलाकार) होली खेल्न थालिएको छ, यस कार्यले संस्कृतिलाई धमिल्याउन थालेको छ ।" परम्परागत पहिरन लगाएर पहिला गाउँमा होली खेलेको सम्झना ५५ वर्षीय सवादा रानालाई छ ।



घघँरिया, अँगिया, फतुई, उढनिया लगायतका आकर्षक तरिकाले घरमै हातले बुनेका कपडा पहिरन लगाएसँगै शिरदेखि पाउसम्म छपक्कै ढाकिने गहना लगाउने चलन रहेको उहाँले बताउनुभयो । होलीमा सहभागी हुने महिलाले कपालमा चाँदीको चाँपी, कानमा वीर, नक्बेसर, नाकमा नथुनी, घाँटीमा चाँदीको पैसाले बेरेको कालो धागो, त्यसको तल, कठुला, त्यसपछि हसुला, सकरगेला र हाल लगाउने गर्दथे । पाखुरामा लगौरा, नाडीमा पहुँची, औंलामा कलात्मक औंठी, कम्मरमा सिक्रीवाला कैँधनी, पैंतलामाथि ढुन्नी, ढुन्नीको तल पैंडा र पायल लगाउने गर्दथे । गर्धनमा कण्ठ, गरिया र घिच्ची लगाउने गर्दथे ।

"टाउकामा उढनिया, गलामा हार र कण्ठसिरीमाला, छातीमा फतुई, करेहाओमा घँघरिया र खुट्टामा पैणा लगाएको महिलालाई त्यति बेलाको समाजमा उच्च सम्मान गरिन्थ्यो", उहाँले भन्नुभयो, "त्यस्तो पहिरन र गहना लगाउने महिलालाई सभ्य र संस्कारयुक्त भएको महिलाका रुपमा चित्रण गरिन्थ्यो ।"

हाल ती गहना थोरै महिलासँग मात्रै रहेका छन् । धेरैले आधुनिक बजारमा चलनचल्तीमा रहेका गहना लगाउने कार्यले पुराना गहनाको महत्व घट्दै गएको उहाँको भनाइ छ । पुराना गहना बनाउने कारिगर पाउन मुस्किल छ । राना थारु समुदायका पुरुषले झगिया, फेटा र हातमा बिललालिएर होली खेल्ने गर्दथे । हाल पुराना पहिरन, गहना हराउँदै गएको रतनला रानाले बताउनुभयो । "पुरुषले लगाउने पुरानो पहिरन लगाउँनै छाडेका छन्", उहाँले भन्नुभयो, "जनचेतनामा जोड दिन थालिएपछि विगतमा हराउँदै जान थालेको महिलाका पहिरन जोगाउन भने हालसम्म सकिएको छ ।"

कसरौला गाउँका ७० वर्षीय चन्द्रसेन रानाका अनुसार माघ शुक्लपूर्णिका दिनदेखि होलीको प्रतीक राखेर होली प्रारम्भ गर्ने गरिन्छ । प्रतीक स्थापना गरेको एक महिनासम्म रातिका बेला महिला पुरुषले भगवान्का कथालाई होली गीतमा ढाल्दै गाउने गरिन्छ । त्यो क्रम फागुन शुक्ल पक्षको पूर्णिमासम्म रहन्छ ।

गाउँको दक्षिणी पूर्वतर्फ स्थापना गरिएको होलीका पूर्णिमाको दिन दहन गरिन्छ । एक महिनासम्म रातिका बेला खेलिनेलाई जीउँदो होली भन्ने गरिन्छ । होलिका जलाएको भोलिपल्ट खरानीको टिका लगाउने गरिन्छ । त्योभन्दा अगाडि टिका नलाग्ने चलन राना थारु समुदायमा रहेको चन्द्रसेनले बताउनुभयो । त्यसै दिनदेखि सात दिनसम्म मरेकी होली खेलिन्छ । आठौं दिनको बेलुका खखडेहरा खेलिन्छ ।

"यस क्रममा होलीलाई बृन्दावन, मथुरामा पठाउने कार्य गरिन्छ", उहाँले भन्नुभयो, "खप्टा, घल्ला, घोडाको माटोका प्रतिमालाई फोडने कार्य गरिन्छ ।" फोड्ने कार्यमा गाउँका अगुवा भलमन्सा, गुरुवालगायत मात्रै जाने चलन रहेको छ । यसो गरेपछि दुष्ट आत्मा गाउँमा प्रवेश नगर्ने भनाइ थारु समुदायका बुढापाकाको छ । फोड्ने कार्य गरेर घर फर्कँदा पछाडि फर्केर भने हेर्नुहुँदैन । हेरे दुष्टात्मा पुनः गाउँ फर्कने विश्वास छ ।

पुरुषको होली त्यसै बेलादेखि सकिन्छ भने महिलाको होली चैत चराईमा पठाइने गरिन्छ । होली प्रारम्भ गर्दा, होली जलाउने बेला, साँझ, राति, दिउँसो गरी फरकफरक समयमा फरकफरक होलीका गीतहरु गाइने गरिन्छ । होलीमा गीतको सुरुवात गर्ने (अगुवाई गर्ने) महिलालाई मोढी भन्ने गरिन्छ ।

मोढीको सिको गर्दै गीत गाउनेलाई पिछडिया भन्ने गरिन्छ । होलीमा ढोलक बनाउनेलाई ढोलिया भनिन्छ । पुराना होलीका गीतलाई लिपिबद्ध गर्ने कार्य नहुँदा हराउँदै जान थालेकोप्रति राना थारु समुदायका बुढापाकाले चिन्ता जाहेर गरेका छन् ।रासस

# थारु समुदायले परम्परागतरुपमा होली मनाए



कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-३ जोनापुरका मनिराम डगौरा सोमबार बिहानै होल्का (होलिका) जलाएको ठाउँबाट खरानी ल्याएर घर आउनुभएको छ ।

होलीको रङ लगाउनुअघि उहाँले घरपरिवारलाई होलिका जलाएकोखरानीदेउथनुमा(देवस्थान) मा चढाएर ढोग गरेपछि मात्रै उक्त खरानीसहित परिवारलाई रङ लगाइदिनुभयो ।होलिका जलाउने कार्यलाई थारु भाषामा 'होल्का डुङ्ना' भन्ने गरिन्छ । वर्षौं पुरानो यो चलन थारु समुदायमा पुस्तान्तरण हुँदै अहिले पनि रहिआएको मनिरामले बताउनुभयो । होल्का जलाएको खरानी घरपरिवारमा प्रसादका रुपमा लगाएपछि मात्रै रङको होली खेल्ने परम्परा यहाँका थारु समुदायमा रहेको उहाँले जानकारी दिनुभयो ।

आइतबार साँझ मनिरामलगायत गाउँका थारु समुदायले देउथानमा होलिका जलाउने कार्य गर्नु भएको थियो । जल्दै गरेको होलिकाबाट गुइँठामा आगो ल्याएर घरमा नयाँ आगो भित्र्याइएको मनिरामले बताउनुभयो ।

"हिजो बिहानै वरघरको घरमा जम्मा भयौँ", उहाँले भन्नुभयो, "तेल, गुड, ल्वाङ र गहुँको पिठोमा मिसाएर निरहार रहेका गाउँका एक जनालाई बम्ना (बाहुन) बनाएर एकपल्टे (एकातर्फ मात्रै पाकेको) रोटी पकायौँ । बेलुका गाउँको देउथानमा परम्परागत विधिअनुसार होल्का डुङ्ना गरेपछि नयाँ आगो भित्र्याएका छौँ ।"

नयाँ आगो घरमा ल्याएपछि कुल देवताको स्मरण गर्दै मदिरा, जल, अगरबत्तीलगायत चढाएर पूजा गरेपछि चुल्होमा नयाँ आगो बाल्ने कार्य गरिएको मनिरामले बताउनुभयो ।

उहाँका अनुसार देउथानमा बालेको नयाँ आगो घरघरमा भित्र्याउने चलन थारु समुदायमा छ । होलीका बेला भित्र्याइएको आगो तापेमा घरमा सुख शान्ति हुने र रोग व्याधी हटेर जाने जनविश्वास रहेको उहाँले बताउनुभयो ।

"सिमलको हाँगा गाडेर राखिएको ठाउँमा तोरीको डाँठलगायतले बेरेर ठूलो थुम्को बनाएर राखिन्छ । थारु गाउँका गुरुवा, वरघरघरियाले देउथानमा रोटी, गुडले पूजा गरी दियो बालेपछि परिक्रमा गर्दछन् । यसरी परिक्रमा सकेपछि उक्त थुम्कोमा आगो लगाउने गर्दछन्", स्थानीय गहनु चौधरीले बताउनुभयो ।आगो भने गाउँको दक्षिणतर्फ रहेको क्षेत्रमा बाल्ने गरिएको उहाँले बताउनुभयो । आगो लगाउन आएका सबैलाई रोटी र गुड प्रसादका रुपमा समान बाँड्ने चलन रहेको उहाँले जानकारी दिनुभयो ।

घरघरमा आगो लग्न आएका व्यक्तिले हिँड्दै गर्दा बाटोमा छाडेको आगो निभाउने गरिन्छ । आगलागीलगायत घटना नहुन् भनेर बाटोमा छुटेको आगो निभाइने चौधरीले बताउनुभयो । होलीका जलाएको ठाउँमा आज गाउँका महिला तथा पुरुषले लोटामा पानी लगेर त्यस ठाउँमा रहेको आगो बढ्नी (एक प्रकारको झाडु) ले निभाउने र उक्त ठाउँ सफा गरेका छन् ।

घर परिवारमा खरानीको टिका लगाइसकेपछि होलीको रङ लगाएर एक आपसमा खुसियाली साटासाट गर्ने र होली खेल्ने काम भइरहेको जोनापुर गाउँका भलमन्सा सुरेश चौधरीले बताउनुभयो । "यतिबेला एक अर्कामा रङ लगाउँदै ढोगसलाम गर्ने काम भइरहेको छ", उहाँले भन्नुभयो, "रमाइलोका लागि विगतको जस्तो हिलो छ्याप्ने कामलाई निरुत्साहित गर्दै आएका छौँ ।"

रङ लगाएर रमाइलो गर्ने, नाचगानसहित खुसियाली साटासाट गर्ने प्रक्रिया भालिसम्म जारी रहने चौधरीले बताउनुभयो । होलीका अवसरमा गाउँका मान्यजनबाट रङको टिका लगाउने र आशींवाद लिने चलन पनि थारु समुदायमा रहेको उहाँको भनाइ छ ।रासस


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथून | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| वृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बुरा न मानो होली है




**होलीको अवसरमा प्रकाशित विशेष, रिसानी माफ होस् ।**

| | |
|---|---|
| रामचन्द्र पौडेल (राष्ट्रपति) | बैमान सदाचारी नेता |
| राम सहाय यादव (उप-राष्ट्रपति) | कामन काजकैँ दुस्मन अनाजकैँ |
| पुष्पकमल दाहाल (प्रधानमन्त्री) | गिरगिटकैँ सरदार |
| रघुवीर महासेठ | भैया भरोसे |
| रवी लामिछाने | अपराधी मन्त्री |
| केपी शर्मा ओली | दिमाग ठेकान पर लावि देलियै |
| शेरवहादुर देउवा | आरजु मात्रे चाही |
| माधवकुमार नेपाल | कतहु सेट करु प्रचण्ड जी |
| झलनाथ खनाल (पूर्व प्रधानमन्त्री) | - सपेरा |
| बाबुराम भट्टराई | डेट एक्सपायर डाक्टर |
| उपेन्द्र यादव | बाप नम्मरी बेटा दशनमरी |
| महन्थ ठाकुर | गोवर गणेश |
| शरत सिंह भण्डारी | बिसा बिक्री केन्द्र हमरे छल |
| विमलेन्द्र निधि | अप्पन हारल, बहुवक मारल |
| महेन्द्र राय यादव | प्रचण्डम सरनम गच्छामी |
| जुलीकुमारी महतो | सवकैँ प्यारी |
| डा. सिके राउत | बाप चमार बेटा दिलीप कुमार |
| मातृका यादव | सनकी नेता |
| रामकृष्ण यादव | अरगरीया फरगरीया स कि हेतै |
| दीपक कार्की | मधेशीयाकैँ नेता |
| राजेन्द्र महतो | आव पहडीएकैँ आशा |
| राजकिशोर यादव | हमरा साथ बैमानी भेल |
| महेन्द्र यादव (बन्ठा) | जातियो नहि पतियलक |
| नवल किशोर साह | अवसरबादीकैँ सरदार |
| रामचन्द्र झा | नघरकैँ नहि घाटकैँ |
| श्रवण बरबरिया | बेटा भेल नालायक |
| उमाशंकर अरगरिया | आव कतअ जाउ |
| वृषेशचन्द्र लाल | हारल विलारि धुरखुरु नोचे |
| सरोजकुमार यादब (मुख्यमन्त्री) | मुर्खमन्त्री |
| रामचन्द्र मण्डल (सभामुख) | के कहैय हमर घरवाली कर्मचारी है |
| बबिता राउत इसर (उपसभामुख)- | देवरा ढोरी चटना बा |
| सरोजकुमार यादव (मन्त्री) | चल भैया मन्त्री बनेला |
| सञ्जयकुमार यादव | भेल वियाह मोर करवा कि |
| गोविन्द बहादुर न्यौपाने | बुद्धत्व प्राप्त मन्त्री |
| सुरीताकुमारी साह | हम त पेन्डुलम छी |
| सरिता यादव | छोटकी मन्त्री |
| सिंहासन सा कलवार | सव काम दाईकैँ नाम भौजाइके |
| रमेश प्रसाद कुर्मी | दु कोनो विधि रहअ दो |
| शेख अव्दुल कलाम अजाद | बकलेल नेता |
| प्रमोदकुमार जयसवाल | कोनो विधि मन्त्री बनली |
| राजकुमार लेखी | सुराकीकैँ बजेट नहि काटे परतै |
| सत्रुधन सिंह कोइरी | कोनो विधि खर्च उपर होउक |
| रहवर अन्सारी | विना कामकैँ मन्त्री |
| सुमित्रा भण्डारी (प्रदेश प्रमुख) | अभितो हम अएकै छु |
| लालबाबु राउत (पूर्व मुख्यमन्त्री) | पाँच बरिस टकटकीएमे |
| जितेन्द्र सोनल | ठाकुर जीकैँ बाद हमही |
| भरत साह | मुख्यमन्त्री बनहि गएथे लेकिन चुक हो गया |
| सत्रुधन महतो | आव हम कि करु दाउध गुरु |
| कृष्णा यादव | ठन ठन गोपाला |
| वीरेन्द्र सिंह | बहिकैँ पोटो नहि भरल |
| मो. समिम | हम इन्जिनियर है |
| रानी शर्मा तिवारी | राम तेरी गंगा मैली होगईल |
| मिनाक्षी झा | आव केउ नहि देखैय |
| अभिराम शर्मा | तडिपार नेता |
| रामसरोज यादव | दुनुकैँ चक्करमे घनचक्कर |
| दीपेन्द्र ठाकुर | अहि सँ बढिया ठिकदारी छल |
| हरिनारायण महतो | यि महासेठवाकैँ देखा देवै |
| शेष नारायण यादव | सपना सपने रही गेल |
| जयलुन राइन | जितकैँ लिए दंगा ही सही |
| रामअशिष यादव | केउ पुछे न केउ पाछु लागल जाय |
| विजय यादव (पूर्व मन्त्री) | गारि गोरहनी नाम धनुकानि |
| डा. विजय सिंह | आव नर्सो नहि पुछैय |
| चन्दन सिंह | हम लाइसेन्स बनादेगें |
| बसन्त कुशवाहा | जातियो गमैली स्वादो नहि पयली |
| महेशप्रसाद यादव | बुरि बलेल नेता |
| योगेन्द्र प्रसाद यादव | आज तककैँ फोन है |
| परमेश्वर साह | सरिताकैँ चक्करमे भेली घनचक्कर |
| लाल किशोर साह | झिझिरकोना झिझिरकोना कोन कोना जाउ |
| रीता झा | फसले रहि गेली |
| लखन दास | करमकैँ फुटल |
| विनयकुमार यादव | बापकैँ कमाई बेटा फैसनमे उराई |
| राजकुमार साह | कमिसनकैँ व्यवस्थापक |
| जयकुमार यादव | रंगदार नेता |
| मनोज साह | सुरसण्ड वड भारी |
| वेचन दास | सामन्ती दलित |
| दिपीनदेव यादव | बापक नाम सागपात बेटाकैँ नाम परोर |
| विशेश्वर यादव | उप मेयर बरि जकरिया देलक |
| जितनारायण यादव | हमरा लग कुछो नहि है |
| बालेश्वर मण्डल | जिवन आनन्दमय है |
| राजेन्द्र यादव | अप्पन हारल, उप मेयरकैँ मारल |
| प्रदीप यादव | घुसखोरवा हाकीम खोजे परतै |
| भोगेन्द्र मिश्र | बाबासिरकैँ सिकार |
| संजीव झा 'सुरज' | हम तो टक्कर दे सकते है |
| रामअशिष महतो | काम करेके बातावरण नहि है |
| ज्ञानेन्द्र झा 'ज्ञानु' | भण्डारी जी धोका दऽ रहल है |
| महेन्द्र महतो | उपमेयरकैँ पिट्टा उठावे परतै |
| दिनेशप्रसाद यादव | कोनो विधि दिन काटअ दा |
| सुखदेव यादव | बौवा सँ बतिया ला |
| कारी यादव | चौवनी छाप |
| उमाशंकर साह | बहिकैँ चलही नै दै है |
| सुरेश साह सोनार | गारि गल्लीमे लोटा महादेव स्थान पर |
| हरिप्रसाद मण्डल | इमान्दारी सँ बैमानी करैछी |
| रामजानकी यादव | हमरा त भारी लगैय |
| मोहन पाण्डे | हमरा हउ चाही |
| डा. नवीन यादव | डाग्डरीए निमन रहे |
| महेशप्रसाद चौधरी | कम्मल ओरि घि पिवमे माहिर |
| राजेशमान सिंह | दुवहुवाकैँ राम रखवार |
| किशोरी साह 'भूल्ला' | मनोजवा सभ कमिसन खा जाइहै |
| बन्दना पाण्डे | उपमेयर कम टिकटकिया बेसी |
| योगेन्द्र पञ्जियार | लेर चट्टा |

| | |
|---|---|
| राजकिशोर यादव | आदेश पालक |
| दीपक यादव | विना पेन्हीके लोटा |
| पशुपति यादव | ममता त हमरे पर रहतै कि |
| असगर अली | वृषेश है, तो क्या गम है |
| डा. अंकुर साह | जनकपुर है हमही बनलियै |
| डा. विनोद यादव | हमही इमान्दार छी |
| डा. रामनरेश पण्डित | बहीके अपनो होस्पिटल बुरि गेल |
| डा. राम विनाय चौधरी | एक्सरा त करही परतै |
| डा. केडी दास | बुरि बलेल डाक्टर |
| डा. गौरांग मिश्रा | कल्पनामे जि रहल छी |
| डा. कल्पना बछार | आव भेल भारी कि लदवा हो व्यापारी |
| नवल यादब (महन्थ) | हमरा लप्पी चाही |
| रामतपेश्वर दास (महन्थ) | ओ मेरे नि र म ला |
| रोसन दास (उत्तराधिकारी महन्त) | जय जय शंकर |
| ललित बजाज | संदीपा हमको वहा से भि हटा दिया |
| भोगेन्द्र झा | चुप्पा गोसाइ |
| दिपेन्द्र झा | डा. राउत जी हमहु छि |
| रामभरोस कापडी | मनभौका चलाक |
| हिमांशु चौधरी | कोइ जोगार तो लगाओ |
| श्याम सुन्दर शशि | जेम्हरे खिर तेम्हरे फिर |
| राजेश कर्ण | चल भैया कैलाश पर |
| राम भरत साह | एखनो कोन छोरा सकत |
| बृज कुमार यादव | अपना काम बनता, भाडमे जाए जनता |
| अनिल मिश्र | बेसी काल गामे दिस रहै छि |
| अजय झा | कहुना बद्धुवा भेल |
| शैलेन्द्र झा | चुनाव आवि गेलै आव सक्रिय होवअ परतै |
| वीरेन्द्र रमण | टिटही |
| नित्यानन्द मण्डल | न पत्रकार, न साहित्यकार |
| मनिका झा | हम सासुर मे छि |
| हदीश खुद्दार | इस्लाम खतरा में हैं |
| अवधेश कामत | पेट पोसना |
| नेहा झा | मिरचाइ |
| ज्योती झा | स्कुटी राइडर |
| सुभाष कर्ण | दुर कि कहियो घरही छि |
| जयन्त ठाकुर | रदी चुनाकैँ व्यवस्था करइ जाइजा |
| राजन सिंह | दाइ म त क्रान्तिकारी डेमोक्रेट हो नि त |
| राजेन्द्र यादव (टुडे) | दाजु दुईएटा, जे किरिया खुवाला |
| राजिव थापा | कनिया ठिक्कै छ |
| प्रमोद साह रंगिले | सुगरक चोत नहि निपअ जोग नहि पोतअ जोग |
| बलराम महतो | हम उपेन्द्र जीकैँ हनुमान छि |
| सुनिल मल्लिक | मिनाप हमरे वपौटी |
| परमेश झा | ओकर हम कन्या दान कएने छी |
| सचिन मास्टर | बिदेश के सभ गेल है हो |
| दीपेन्द्रकुमार यादव (दीपु) | रे राजेन्द्र हमरा ७ कठ्ठामे कते देवे |
| मनोज चौधरी (बस अध्यक्ष) | नयाँ पर बनल महन्त त ....से फुके |
| शंमुन्ना साह (ठिकदार) | बाप मरे अन्हरियामे आ बेटाकैँ नाम पावर हाउस |
| धर्मेन्द्र झा (अध्यक्ष रासस) | जे छि से हमही |
| रमेश रञ्जन झा | अजिव प्राणी |
| शंकर साह (माला) | ससुरारि धारि देलक |
| बिभा ठाकुर (नेतृ ) | हम इमान्दार नेत्री छि |
| कुमर कान्त झा | जय जगदम्बा जय जगदिश, जेहे देवे दही चुरा तेकरे दिस |
| जीवनाथ चौधरी | दासो तत्मा नहि चललै |
| जीतेन्द्र महासेठ | गारि गल्लीमे लोटा तख्खा पर |
| मनोज रुंगटा | काठमाण्डु से आइए रहीहै |
| अनिकेत रुंगटा | इ मेरा खानदानी है |
| संदीप अग्रवाल | मुन्नाको चाट जाएंगे |
| गौतम अग्रवाल | महासेठ जी फिर मन्त्री हो गए |
| निर्मल चौधरी | दरुपिवा मरवाडी |
| श्याम दोकानीया | मिटर व्याजी |
| पंकज साह | आव हम नेपाल नहि आएव |
| रामबाबु गुप्ता | एक दामके ठग |
| श्याम साह | धन प्रमोद चौधरी जे कण्ठ जुराइय |
| प्रमोद चौधरी | साला याहा भि नहि छोरता है वहा भि नहि छोरता है |
| बजरंगकुमार यादव | पेपरोकैँ व्यापार नहि चलल |
| अम्बु साह | कतौ सुतरा नहि बैठैय |
| मनिष रमण साह | कनिया दोकानेपर होतै |
| सुरेन्द्र भण्डारी | मालाकैँ ठिकदार |
| धर्मेन्द्र साह | टुनमुसरी व्यापारी |
| अजय गुप्ता | खसी चोर |
| राकेश विक्रम साह | जीवनाथ पिठ्ठी चौरा कऽ देलक |
| गाणेश साह | पेठिया मेरा बपौटी है |
| रामु राज कडरिया (सिडिओ) | लाइनके बारेमा स्पष्ट गर |
| यज्ञ विनोद पोखरेल (डिआइजी) | तस्करकैँ सरदार |
| मित्र बन्धु शर्मा (एसपी) | इमान्दारी पूर्वक बैमानी गर्छु |
| रञ्जन आवा (डिएसपी) | एसपी सावलाई विदा |
| जान दिनुसनदर्शन गिरी (एसपी सशस्त्र) | जुम्मा जुम्मा ८ दिन तो हुवा है |
| संजीव कुमार झा | एइ बेर सपनामें अध्यक्ष बन जाइत |





# अन्तगृह परिक्रमा गर्दै श्रद्धालुहरु ।


फोटो :- संजय यादव/टुडे











**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सद्भावको विराट उत्सव

सनातन धर्मावलम्बीहरुले होलीका दहनको खुशियाली, राजा रामको अयोध्या विजयपश्चात अयोध्या आगमन, असत्यमाथि सत्यको विजयको रुपमा सद्भावको विराट रंगोत्सव मनाउदै छन् ।नेपालमा औपचारिक रुपमा नै दुई दिन होली पर्व मनाइन्छ। फागु पुर्णिमाको दिन देशको संघीय राजधानी काठमाण्डु सहित पहाडी जिल्लाहरुमा होली मनाइन्छ ।त्यसको भोलि पल्ट तराई मधेशमा होली मनाइन्छ ।दुई दिन संघीय सरकारले सार्वजनिक विदा दिने गरेको छ ।पूर्णिमा दिन पहाडी जिल्लामा र भोलि पल्ट मधेशका जिल्लाहरुमा होलीको विदा दिने गरिएकोछ ।तर मिथिलामा पूर्णिमाको भोलि पल्ट होली मनाइने चलन रहिआएकोछ ।मिथिलामा पूर्णिमाको दिन परिक्रमाको डोला सहित भारी संख्यामा श्रद्धालुहरुले अन्तगृह परिक्रमा गर्छन् ।अन्तगृह परिक्रमा पूरा गरी १५ दिने माध्यमिकी मिथिला परिक्रमा पूरा हुन्छ ।परिक्रमाको यात्रा पूरा गरी श्रद्धालुहरु घर फर्केपछि होली खेल्छन् ।मिथिलाको होली संसारमै विशिष्ट मानिन्छ ।भगवान सीतारामले पहिलो पटक मिथिलामा नै होली खेलेका थिए ।भगवान राम मुनी विश्वामित्र आश्रमबाट सोझै मिथिलामा आएका थिए ।धनुष भंग गरेपछि भगवान रामको विवाह सम्पन्न भएको थियो ।त्यसपछि मिथिलामा नै उनी पहिलो पटक होली खेलेको रामायणमा वर्णन गरिएको छ ।मिथिलामा पारिवारिक सदस्य, छरछिमेकी र इष्टमित्रहरुसित विशेष प्रकारको होली मनाइन्छ ।देवर भाउजुबीचको होली पनि अलौकिक हुन्छ ।ससुरालीमा खेलिने होलीको छुट्टै महत्व हुन्छ ।मिथिलामा देवीदेउतासित पनि होली खेलिन्छ ।मिथिलामा गाइने होली गीतमा देवी देउताहरुको स्मरण गरिन्छ ।मठमन्दिर हरुमा होली मनाइन्छ ।होली सद्भावको पर्व हो ।वर्षभरिको दुख, पीडा बिर्सेर होली खेलिन्छ ।होलीले समाजमा सद्भाव बढाउने गर्छन् ।सामाजिक सद्भाव कायम गर्न होलीको विशिष्ट महत्व छ ।हुनत विगत केही वर्षदेखि होलीलाई विकृत बनाउने काम तीव्र रुपमा हुँदै आएकोछ । अश्लील गीत, अनियन्त्रित रुपमा नशालु पदार्थको सेवनले होलीलाई विकृत बनाइरहेको छ ।जनकपुरधाममा होलीको दिन जनकपुर टुडेका अध्यक्ष सञ्चार उद्यमी अरुण सिंघानियाको हत्याले रंग नै विकृत बनाएको थियो ।होलीमा कुनै प्रकारले उच्छृंखलता हुन नदिन सबै पक्ष सचेत रहनु पर्छ । खास गरी स्थानीय प्रहरी प्रशासनले विशेष ध्यान दिनुपर्छ ।होलीमा अवाञ्छित कृयाकलापमा संलग्न देखिनेहरुलाई नियन्त्रणमा लिइ कारबाही गर्नुपर्छ ।यस्तो कार्य अप्रिय भए पनि होलीलाई मर्यादित बनाउन आवश्यक छ ।होली सद्भावको पर्व भनेर मात्र हुँदैन् ।सद्भावको पर्वलाई व्यवहारिक रुपमा नै सद्भाव पर्वको रुपमा मनाउनु पर्छ ।होलीको सुखद अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना ।

# तराईको होली : १५ दिनसम्म मिथिलाको परिक्रमा

राजकिशोर मेहता

यो वर्ष होली तराईमा चैत १२ गते सोमबार परेको छ भने पहाडमा हिजो (११ गते) मनाइयो । उत्सवको पर्व होली हरेक वर्ष फागुन शुक्ल पूर्णिमा तिथिमा मनाइन्छ । फागुन शुक्ल पूर्णिमामा मनाइने हुनाले यसलाई फागु, फगुवा वा फागु पूर्णिमा पर्व पनि भनिन्छ ।

धार्मिक मान्यता अनुसार होलीको सम्बन्ध सत्ययुगको एउटा घटनासँग जोडिएको छ । विष्णुपुराणमा उल्लेख भए अनुसार, सत्ययुगमा दैत्यराज हिरण्यकशिपु राक्षसका शक्तिशाली राजा थिए । कठोर तपस्या गरी ब्रह्माबाट वरदान पाएर शक्तिशाली भएका उनी विष्णुलाई आफ्नो मुख्य शत्रु मान्थे तर हिरण्यकशिपुका छोरा प्रह्लाद विष्णुभक्त भए । जति सम्झाउँदा पनि प्रह्लादले विष्णुको भक्ति छाडेनन्, त्यसैले हिरण्यकशिपुले उनलाई ज्यान मार्ने योजना बनाए । प्रह्लादमाथि भगवान् विष्णुको कृपा थियो, त्यसैले उनलाई मार्ने हिरण्यकशिपुको हरेक प्रयास विफल हुँदै गयो ।

### बिहानि पख होलीको शुरूवात

दाजुलाई चिन्तामा देखेपछि हिरण्यकशिपुकी बहिनी होलिकाले प्रह्लादलाई मार्ने योजना बनाइन् । आगोमा नजल्ने वरदान पाएकी होलिकाले प्रह्लादलाई काखमा राखेर अग्निमा प्रवेश गरिन् । प्रह्लादले विष्णुको मन्त्र जप गरिरहेकाले उनलाई केही भएन तर वरदानको गलत प्रयोग गरेकाले होलिकाको जलेर मृत्यु भयो । भगवान्बाट प्राप्त वरदानको प्रयोग दुष्ट मनसायबाट गरेको र अबोध बालक प्रह्लादमाथि अन्याय गर्दाको परिणामस्वरूप होलिकाको मृत्यु भएको घटनालाई दुष्ट प्रवृत्तिको हार र अन्यायमाथि न्यायको जित भएको मानिन्छ । त्यसैले होलिका दहनको भोलिपल्ट अर्थात् फागुन पूर्णिमाका दिन उत्सव मनाइएको मानिन्छ । तत्पश्चात् सोही दिनको सम्झनामा होली मनाउन थालिएको धार्मिक विश्वास छ । होलिका प्रवृत्तिको नाश हुनेसँग सम्बन्ध जोडिएको हुँदा यो उत्सवको पर्वको नाम होली रहन गएको बुझिन्छ ।

### मिथिला क्षेत्र र होली

सत्य युगको घटनासँग होलीको सम्बन्ध रहे पनि यसलाई पर्वको रूपमा नियमित रूपमा कहिलेदेखि मनाउन थालिएको भन्नेमा विभिन्न मत पाइन्छन् । एकथरीले होलीका दहन (जलेर मृत्यु) भएको दिनको भोलिपल्ट फागु पूर्णिमा परेको र सोही दिनदेखि नियमित रूपमा सो दिनलाई होली पर्वका रूपमा मनाइँदै आएको मत राख्छन् । अर्को मत अनुसार त्रेतायुगमा अयोध्याका राजा श्रीराम वनबासबाट फिर्ता आई राज्याभिषेक गरेपछि दीपावली मनाइएको र जनताले रामराज्यको अनुभूति गर्न थालेपछि फागुन पूर्णिमाका दिन होलीका दहनको अवसर पारेर रङ-अबिरसहित होली मनाउन थालिएको हो । होलीमा गाइने चर्चित फगुवा गीत 'होरी खेले रघुविरा (राम) अवधमे होरी खेले रघुविरा', 'मिथिलामे राम खेलथि होरी' आदिले पनि यो भनाइलाई पुष्टि गर्छन् ।

फागुन शुक्ल प्रतिपदाको दिनदेखि सुरु हुने परिक्रमा हनुमान नगर, कल्याणेश्वर, गिरिजास्थान, मटिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, सत्तोखर, औरही, करुणा, बिसौल हुँदै जनकपुरधाम आउने सदियौँदेखिको चलन कायम छ ।आधुनिक युगसम्म होलीको नियमितता र विकासमा प्राचीन मिथिला क्षेत्र र अवधपुरीको विशेष योगदान छ । त्रेतायुगमा सामूहिक रूपमा भेला भएर होलीसम्बन्धी भजन गाउने, रङ-अबिर खेल्ने गरी होली मनाइयो । आधुनिक युगसम्म आइपुग्दा होलीको भौगोलिक, सामाजिक र सांस्कृतिक विकास र फैलावट व्यापक रूपमा बढेको छ । योसँगै होली मनाउने चलनमा पनि विविधता थपिँदै छ ।



### जोगिरा गित

खुसियाली मनाउने चाडका रूपमा मनाइँदै गर्दा यसलाई ऋतुसँग पनि सम्बन्ध जोड्ने गरिन्छ । कठोर शिशिर ऋतुको बिदाइ र हरियाली वसन्त ऋतुको आगमनसँगै होलीको सुरुवात भएको मानिन्छ । माघ शुक्ल पञ्चमी अर्थात् वसन्त पञ्चमी (सरस्वती पूजा)को दिनदेखि नै मिथिला क्षेत्रमा होली आगमनको स्वागत गरिन्छ अर्थात् होलीको गीत गाउन सुरु गरिन्छ । तराई मधेसमा सरस्वती पूजाको दिनदेखि होलीको दिनसम्म (प्रायः दिन) गाउँ-टोलमा सामूहिक रूपमा भजन-कीर्तन गर्ने र होलीको गीत गाउने चलन छ । तराई-मधेसमा होलीको गीत 'जोगिरा सरररर' गाउँदै रमाइलो गरेको पाइन्छ । धार्मिक स्थलहरूमा समेत भेला भई होलीसम्बन्धी गीत गाइन्छ ।

फागुन पूर्णिमाको अघिल्लो रात टोल-टोलमा सामूहिक रूपमा भेला भई होलिकाको प्रतिमूर्ति बनाई जलाउने चलन छ, जसलाई होलीका दहन वा समस जलाउने पनि भनिन्छ । यस प्रकार फागुन पूर्णिमाको दिन बिहानैदेखि घरघरमा पूजा गर्ने र देवता घरमा पिठोको विशेष परिकार पुवा-खिर चढाउने चलन छ । त्यस्तै एक अर्कासँग शुभकामना आदान-प्रदान गर्ने, रङ-अबिर दल्ने गरिन्छ । त्यसपछि दिनभरि समूह-समूहमा भेला भई रङ-अबिर खेल्ने, घरघरमा होलीको गीत ' जोगिरा' गाउने, बच्चाहरू पनि उमेर समूह अनुसार साथीहरूसँग रङ-अबिर खेली रमाइलो गर्ने चलन छ ।

प्राचीन मिथिलाको राजधानी मानिने जनकपुरधाममा भने होली मनाउने चलन अहिले पनि तराईकै अरु ठाउँभन्दा अलि फरक छ । प्रसिद्ध जानकी मन्दिरको भूमि मानिने धनुषा महोत्तरीमा होली पर्वलाई मिथिला परिक्रमासँग जोडेर मनाइन्छ । जानकी मन्दिरलाई केन्द्र मानी मिथिला बिहारीबाट उठाइएको डोला १५ दिनको परिक्रमापश्चात् जानकी मन्दिर भित्र्याइने चलन छ, यो चलनलाई मिथिलाको बाह्य परिक्रमा भनिन्छ । फागुन शुक्ल प्रतिपदाको दिनदेखि सुरु हुने परिक्रमा हनुमान नगर, कल्याणेश्वर, गिरिजास्थान, मटिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, सत्तोखर, औरही, करुणा, बिसौल हुँदै जनकपुरधाम आउने सदियौँदेखिको चलन कायम छ । परिक्रमाका क्रममा आठौँ दिन कञ्चन वनमा पुग्दा यात्रीले रङ-अबिरसहित भव्य होली खेल्न सुरु हुन्छ । १५औँ दिनमा यात्रीहरू जनकपुरधाम आइपुग्छन् । फागुन पूर्णिमाका दिन तराईका अन्य ठाउँमा होली मनाइरहँदा जनकपुरधाममा भने एकदिने अन्तरगृह परिक्रमा हुन्छ । सोको भोलिपल्ट मात्रै धनुषा महोत्तरीमा होली मनाउने चलन विद्यमान छ । यसलाई मध्यनजर गर्दै मधेस प्रदेश सरकारले तराई होलीको भोलिपल्ट मधेसमा थप एक दिन होलीको सार्वजनिक बिदा दिँदै आएको छ ।

सद्भावको पर्व होलीको सामाजिक र सांस्कृतिक फैलावट समय क्रमसँग बढ्दो छ । तराई मधेसमा होलीलाई विशेषतः धार्मिक मान्यतासँग जोडेर मनाइने गरिएको छ भने हिमाली तथा पहाडी क्षेत्रमा होलीलाई उत्सवको पर्व, सद्भावको पर्वका रूपमा व्यापक रूपमा मनाउन थालिएको छ । यस क्षेत्रमा प्रायः सबैजसो समुदाय होलीमा रमाएको पाइन्छ । फागुन पूर्णिमाको अघिल्लो दिन होली मनाइने यस क्षेत्रमा समूह-समूहमा भेला हुने रङ-अबिर खेल्ने, नाचगान गर्ने चलन बढ्दो छ । त्यस्तै विभिन्न संघसंस्था, कार्यालय, क्लबहरूले होली मिलन समारोह, होलीको शुभकामना आदान-प्रदानजस्ता कार्यक्रम राख्ने चलन छ ।

माघ शुक्ल पञ्चमी अर्थात् वसन्त पञ्चमी (सरस्वती पूजा)को दिनदेखि नै मिथिला क्षेत्रमा होली आगमनको स्वागत गरिन्छ अर्थात् होलीको गीत गाउन सुरु गरिन्छ ।

रमाइलो गरी होली मनाउने सन्दर्भका बिच हालका दिनमा कतिपय सहरमा लोला हान्ने, छतबाट पानी खन्याउनेजस्ता गतिविधि हुने गरेको पनि देखिन्छ । मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, सवारी चलाउने, अपरिचित व्यक्तिलाई जिस्काउने जस्ता क्रियाकलाप पनि विकृतिका रूपमा देखिएको छ । यद्यपि प्रशासनका तर्फबाट यस्ता क्रियाकलाप नियन्त्रणका लागि पूर्वसूचना जारी गर्ने तथा होलीका दिन सुरक्षा व्यवस्था कडाइ गर्ने गरिएको छ । धार्मिक मान्यतादेखि सामाजिक रूपमा पनि हर्षोल्लासपूर्वक मनाइने यो पर्वका नाममा देखिएका विकृति नफैलाउन सबै पक्ष स्वयं संवेदनशील हुनुपर्ने देखिन्छ ।

### सरकारी मान्यता र सामाजिक सद्भाव

नेपालको संविधानले बहुजातीय, बहुभाषिक, बहुभाषिक धार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरेको छ । त्यस्तै मुलुकले सामाजिक सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति अवलम्बन गरेको छ । यसै कुरालाई मध्यनजर गर्दै सांस्कृतिक रूपान्तरणमा योगदान गरिरहेको पर्व होलीलाई सरकारी मान्यता दिइएको छ ।

### फागु गित जोगिरामा रमाउादै

फागुन शुक्ल चतुर्दशीका दिन हिमाल, पहाडमा होलीको बिदा दिने गरिएको छ । तराईमा फागुन पूर्णिमाको दिन बिदा हुन्छ भने जनकपुरधामको होलीलाई मध्यनजर गर्दै मधेस सरकारले थप एक दिन बिदा दिँदै आएको छ । यस्तै होलीमा राज्यका उच्च पदस्थ पदाधिकारीबाट शुभकामना दिने प्रचलन छ । विभिन्न कार्यालय, राजनीतिक दल, संघ-संस्थाले सामूहिक रूपमा होली मिलन कार्यक्रमहरूको आयोजना गर्नुले पनि सद्भाव, हर्षोल्लास थप्दै गएको छ ।

सामूहिक रूपमा शुभकामना आदान-प्रदान गर्ने, रङ-अबिरसहित उत्सव मनाउने चलनले होली पर्व सामाजिक सद्भाव प्रगाढ बनाउने माध्यम बन्दै गएको छ । पारिवारिक र सामाजिक जमघट गराउने उचित अवसर प्रदान गर्ने यस पर्वले परिवार र समाजमा सकारात्मक ऊर्जा प्रदान गर्छ । बालबालिका, युवायुवतीसँगै महिला-पुरुष सबैका लागि रमाइलो पर्व बनेको होलीले विभिन्न समुदाय बिचको मनोमालिन्यता अन्त्य गर्ने प्रेरणा दिन्छ । त्यस्तै, यसले हाम्रो सामाजिक विविधताभित्रको एकतालाई पनि प्रस्ट पार्छ । होली मनाउने चलनको विविधताले यो चाडप्रति सबै समुदायको स्वीकार्यता बढ्दै गएको छ । (लेखक अधिवक्ता हुन् ।)

> 'खुसियाली मनाउने चाडका रूपमा मनाइँदै गर्दा यसलाई ऋतुसँग पनि सम्बन्ध जोड्ने गरिन्छ । कठोर शिशिर ऋतुको बिदाइ र हरियाली वसन्त ऋतुको आगमनसँगै होलीको सुरुवात भएको मानिन्छ । माघ शुक्ल पञ्चमी अर्थात् वसन्त पञ्चमी (सरस्वती पूजा)को दिनदेखि नै मिथिला क्षेत्रमा होली आगमनको स्वागत गरिन्छ अर्थात् होलीको गीत गाउन सुरु गरिन्छ ।'

# काठमाडौं अचेल खेल्दैन फागु !

तीर्थबहादुर श्रेष्ठ

फागु वा होली भन्ने बित्तिकै रंग, भंग अनि प्रेम, प्रणयका सन्दर्भ जोडिन्छन्।लगभग ६० वर्षअघिको काठमाडौंमा हामी होली हैन, फागु खेल्थ्यौं। पुस-माघको मीनपचास विदाभर टोलका सबै साथीसँग खेलेको गुच्चा, पैयुँ र पांग्रा एक कुनामा थन्क्याएर स्कुल जानुपर्थ्यो। फागुन महिनाले फागु तुरुन्त बोलाएसँगै टोलछिमेकका सबै साथीसंगिनीसँग फेरि जमेर खेल्ने अवसर जुर्थ्यो।

फागुन शुक्ल अष्टमीका दिन काठमाडौं वसन्तपुरमा कुमारी घरअगाडि गद्दि बैठक छेउमा तीनतले चीर ठड्याइन्थ्यो। त्यसपछि रंग खेल्न फागुले स्वतन्त्रता दिन्थ्यो। अरू बेला रंग खेल्दा प्रहरीले पक्रन सक्थ्यो। त्यसैले फागुका सात दिन सकेसम्म धेरै अबिर खेल्थ्यौं।

रंग छ्याप्ने, पचुका (पिचकारी) हान्ने, विभिन्न रंगले साथीसंगीका गाला पोत्ने काम फागु पूर्णिमाको दिन अबेर मात्र सकिन्थ्यो।

हाल पनि यो परम्परा कायम छ।काठमाडौंको फागु जम्ने दिन पूर्णिमा नै हो। मधेस तराई र भारतको प्रभाव पर्दै गएपछि भने काठमाडौं आजभोलि फागु हैन, होली खेल्छ।

फागुको पर्याय बनेर होलीले काठमाडौं संस्कृति रंगाउन थालेको पनि उहिल्यै हो। होलीमा गाइने परम्परागत नेवारी गीतको बोलले धेरैअघिदेखि फागु ' होली' हुन थालेको भन्छ। गीतले भन्छ- जुजुया होली, तँचायाला ल्यासे। अर्थात्, राजा वा राज्यको होली खेल्दा पनि रिसायौ कि तरुनी।

किशोर-किशोरीबीच छेडखानी हुने त्यस गीतका अरू टुक्राले भन्छ- झ्याले चोंगु तुकंमा, वहे ल्यासे जितःमा। अर्थ हो, झ्यालमा तोरी माला, त्यही झ्यालकी तरुनी मलाई चाहिन्छ।

अनुप्रासका निम्ति मात्र नारी प्रसंग हो कि भन्ने मलाई लाग्थ्यो। कालान्तरमा जब काठमाडौंका विभिन्न नेवार बस्तीमा झ्यालबाहिर तोरीमुठ्ठाका लामा-लामा माला हावामा सुकाउन राखेको देखेँ, मलाई लाग्यो काठमाडौंको केन्द्रस्थलमा पनि उहिले-उहिले यो ग्रामीण प्रविधि कायम थियो।

अझै पनि भक्तपुर, थिमी, ठेचों, लुभू, खोकना, बुंगमती, चापागाउँ लगायत ठाउँमा झ्याल बाहिर तोरी, खुर्सानी, लसुनका पोटी, प्याज आदिको हवाइ भण्डारण देख्न सकिन्छ।

उसो त साहित्यकार चक्षुले तरुनीलाई तोरीको फूलको सौन्दर्यमा देख्नु वा हेर्नु नौलो कुरा भएन। ताक्नेले भने तोरीको फूल हैन, तरुनी नै ताकेको हुन्छ। फागुमा सहरका सडकमा गाइने उक्त गीतका अरू टुक्राले भन्छ- तुँ तुँचा, मय्‌जुया पिलाको बाँला, बागमतो बनेबले लेवो नापला।

अर्थात्, कुनै अज्ञात नाम तुँ तुँचा मैंयाको पिँडुला कति राम्रा, बागमती जाँदा पनि प्रेमिका भेटिहाल्ने।

नेवार युवतीहरू त्यसबेला कालो पटासी (सारी) पहिरनमा पिँडुला प्रदर्शनमा निपुण थिए। बाहिर घुम्न जाने भनेको बागमती र यस्तै तीर्थस्थल मात्र थियो भन्ने फागुको यो गीतले झल्काउँछ।

फागु भनौं वा होली, यस पर्वको रोमाञ्चकारी पक्षलाई कृष्णलीलाको चीरहरणसँग गाँसेर हेरिन्छ। कथाअनुसार वृन्दावनका गोपिनीहरू पोखरीमा निर्वस्त्र नुहाउन डुबुल्की मारिरहेका बेला कृष्णले उनीहरूका सबै वस्त्र रूखमा झुन्ड्याइदिएका थिए। चिल्ली न बिल्ली परेका गोपिनी र कृष्णको यो उट्पट्याङ प्रसंग नै होलीको चीर गाड्ने परम्परासँग जोडिएको मानिन्छ। वसन्तपुरमा ठड्याइने चीरका ध्वाजाहरू गोपिनीका रंगिविरंगी वस्त्रका प्रतीक हुन् भन्ने मान्यता छ।

फागुको रंग अबिरमा निहीत हुन्छ। नरम गालामा रातो अबिर दल्नु फागुको मूल कृडाकलाप हो। राधाजीको गोरो गालामा रातो अबिर दलेर फागु सुरु भएको मानिन्छ।

मेरो जमानाको अबिर आजभोलिको जस्तो धुँदा पनि नगएर दाग छाड्ने हुँदैन थियो। उबेलाको अबिर प्राकृतिक फूलको रंगबाट बनाइन्थ्यो। विशेषगरी पलाँसको फूल अबिरको मुख्य स्रोत हुन्थ्यो।

हामीले फागु खेल्दासम्म रातो अबिर, नीलो रंग, सेतो कमेरो माटो, पहेँलो धूलो (सायद पहेँलो माटो वा बेसारबाट बनेको), यदाकदा कालो मोसो (धुँवाबाट बनाइएको) गालामा दलिन्थ्यो।मलाई लाग्छ, प्राकृतिक रंगको प्रणय नै फागु हो, होली हो। त्यसैले कृत्रिम रसायनका रंग त्यागेर पर्यावरणमैत्री (इको फ्रेन्ड्ली) होली परम्परा बसाउनु आजका युवायुवतीको कर्तव्य हो।

२०१० सालतिर पनि काठमाडौंमा तन्नेरी केटीहरू सहर बजारमा उति साह्रो देखिँदैन थिए। राम्री केटीको दर्शन झ्याल-झ्यालमै सीमित हुन्थ्यो। त्यसमा पनि आँखीझ्याल (टिकी झ्याः) भित्रबाट चियाउने केटी परिन् भने त केटाहरूलाई अरू फसाद।

फागु सकिएको धेरै दिनसम्म राम्रा युवती भएका घरका झ्याल अबिरले रंगिएका देख्थ्यौं। होली पर्वमा बर्सेको लोलाले रंगाएको झ्यालले कुन घरमा ताक्ने भन्ने संकेत दिन्थ्यो। फागु खेल्दाको ती लोला आजभोलि लोप भइसकेको छ।

लोला नदेखेको पचासौं वर्ष भइसक्यो होला। त्यतिबेलाका लोला अहिलेजस्ता हुन्थेनन्।

लाहाबाट बनेका हुन्थे। हामीले घरमा बाल्ने बिजुलीको सानो चीम जस्तै गोलाकार लोला अति नै नाजुक लाहाको पातलो बोक्राभित्र अबिर र झिलीमिली जरीले भरिएको हुन्थ्यो। पगालेको काँचलाई मुखले हावा फुकेर र बोतल बनाएझैं पगालेको लाहालाई फुकेर लोला बनाइन्छ भन्ने सुनेको थिएँ। देखेको होइन।

चिठी-पत्र रजिष्टर गरी पठाउँदा लाहा छाप भने आफैंले सयौंपटक लगाएको छु। लाहाको टुक्रालाई मैनबत्तीमा सल्काएर पग्लेको झोल चिठीको खाममा औंठीको छाप लगाउनुपर्थ्यो। लाहा तुरुन्तै जमेर कक्रक्क पर्छ।

होली, लोला र लाहाको कुरा गर्दा महाभारत कथामा आउने 'लाक्षा गृह' प्रसंग पनि सम्झना हुन्छ।

आजभोलि रबर बेलुनमा पानी वा रंग भरेर लोला हान्ने चलन छ। यस्ता लोला हातबाट छुटेर झ्यालमा लागेर झर्दा पनि नफुट्ने हुन सक्छ। लाहाको लोला भने हान्न जानेन भने हातैमा पिटिक्क फुट्छ। यस्तो देख्दा त्योबेला झ्यालका तरुनीहरूको खिसीयुक्त हाँसो खपिनसक्नु हुन्छ।

राणाकालीन काठमाडौंमा होलीको विशेष रौनक राणाजीका दरबार-दरबारमा रन्किने कुरा हामी सुन्थ्यौं। सरकारी कर्मचारी तथा दरबारियाहरू होली खेलेर फर्किँदा सर्वाङ रंगीन कपडामा देखिन्थे। उनीहरूले आफूसँगै बोकेर ल्याएका अबिरका पोका टोलका केटाकेटीलाई बाँड्थे। दरबारका होलीमा पचका (पिचकारी) र बाल्टिनले रंग छ्याप्ने मात्र होइन, खासीमा नै डुबाइदिने गरेको पनि उनीहरू सुनाउँथे।

यता हामी भने बाँसको ढुंग्रोबाट पचका बनाउन घन्टौं खर्चन्थ्यौं। तै राम्रो बन्थेन। आजभोलि जस्तो प्लाष्टिकको पचका पाएको भए'

काठमाडौंको होली पूर्णिमाको मध्यराततिर सकिन्छ। वसन्तपुरमा गाडिएको चीर टुँडिखेलबीचमा ल्याएर दाह गरेपछि फागु पर्व अन्त्य हुन्छ। चीरको खरानी हारालुछ गरेर विभूतिका रूपमा घर लैजान हामी आतुर हुन्थ्यौं।

इन्द्रचोक, भेडासिंहतिरका मारवाडी साहु तथा तिनका मान्छे त्यो खरानीमा मरिहत्ते गर्थे। किनकि, भोलिपल्ट उनीहरू त्यही खरानीको होली खेलेर परम्परालाई सार्थक बनाउँथे।

पौराणिक कथाअनुसार आगोबाट भष्म नहुने वरदान पाएकी होलिका दाह भएको घटनाको स्मरणमा खुसियाली मनाउने पर्व नै होली हो। पुराण प्रसिद्ध दैत्यराज हिरण्यकश्यपुले भगवान हरिका भक्त आफ्नो छोरा प्रह्लादलाई नष्ट गर्न बहिनी होलिकाको काखमा राखेर अग्निकुण्डमा होम्छ। उक्त षड्यन्त्रमा वरदान पाएकी भए पनि होलिका आफैं जलेर नष्ट हुन्छे। प्रह्लादलाई केही हुँदैन।

असत्यमाथि सत्यको विजयलाई हर्षोल्लासपूर्वक मनाउने पर्व नै होली हो भन्ने मान्यता छ। मधेस तराईमा पूर्णिमाको भोलिपल्ट होली मनाउनुको सार्थकता यही कुराले प्रस्ट्याउँछ। त्यताको होलीमा रंगको नशामा भंगको नशा चढेपछि हर्षोल्लास चरममा पुग्छ।

विसं २०१०-१२ सालताक म भेडासिंहतिरका केही मारवाडीका छोराछोरीलाई पढाउँथे। आफ्नो फागु खेल्ने दिन सकिएपछि भोलिपल्ट साहुजीकहाँ पुगेको थिएँ। उनीहरू आफ्ना चोक र बुँइगलमा होली खेल्दै थिए।

फागुले मलाई पनि छोपिहाल्यो। म पनि परिवार सरह नै थिएँ र भएँ पनि। हुनु के थियो, एक गिलास घोट्टाको फन्दामा परेँ। त्यो भाङ मिसाएर बनाइएको हुँदो रहेछ। भाङ घोटेर बनाएको दूध, पिस्ता र बदामको पेयले मलाई लठ्याउन थाल्यो।घर हिँडे। कोसौं हिँडिसक्दा पनि घर पुगिएन । बिहान ओछ्यानमै बिउँझिएँ ।

२०२० सालतिरको कुरा होला, गोदावरी वनस्पति उद्यानमा फागुको भोज थियो। त्यहाँ पनि अनेक प्रकारका मिठाइ थिए। हाम्रा हाकिम 'बनारसी बाबू' हुनुहुन्थ्यो।

उहाँको बनारसी सोख कहिलेकाहीँ बल्झिन्थ्यो। यही सोखको फन्दामा हामी युवाहरू पर्यौं। भाङ मिसाइएका मिठाइ खानुपर्‍यो। कोही हाँसेको हाँस्यै, कोही रोएको रोयै, कोही खाएको खायै। अविस्मरणीय भोज भयो।

भाङको अविस्मरणीय अर्को भोज ०३१-३२ सालतिर होला। राजा वीरेन्द्रको विकास क्षेत्र भ्रमण थियो। होलीको दिन महारानी ऐश्वर्यबाट दिवा-भोजको बन्दोबस्त भयो।

खाँदै जाँदा थाहा भयो, बँदेलको मासुमा भाङ रहेछ। चालै पाइएन। पुग्ने गरी खाइएछ। पालभित्रको सुताइ। कुम्भकर्णको निदाइमा परेछु। अरू साथीलाई भाङले नचाएछ, हँसाएछ, रूवाएछ। थाहा छैन, के-के गराएछ। भोलिपल्ट सबै एकअर्काको मुख हेरेर हाँस्न, कहिले टोलाउन थाल्यौं।

लगभग दस-दस वर्षको अन्तरालमा भाङ सेवन गर्ने अवसर पाएँ। भाङ सेवनपछि दिमाग चकमन्न हुँदो रहेछ। शान्त हुने रहेछ। रिसराग कत्ति पनि बाँकी नरहने। कपडाको धुलाइपछि मैलो लुगा सफा भएजस्तो।

दिमाग धुने बुटी पो हो कि जस्तो लाग्यो भाङ ।

यस्तो भए पनि भाङ खान योग्य बनाउन भने अनुभवी मान्छे नै चाहिने रहेछ। मारवाडीकहाँ खाएको घोट्टा महाराजजीकहाँ बनाउने खालको थियो। गोदावरीमा अनुभवी वैद्यराजजस्ता थिए। धनकुटामा राजाको भोजमा त अझ सतर्कता अपनाइएको बुझिएको थियो।

जे होस्, भाङको पोथी बिरूवाको फूल र पातलाई पानीले धुने, पखाल्ने र प्रशोधन गरेर खानेकुरामा मिसाइने रहेछ। भाङको रंगले मात्तिएपछि होलीको माहोल बेग्लै हुन्छ । काठमाडौंको नेवार समुदायमा भने यो चलन चलेको थाहा छैन। त्यसैले होला हामी होली कम, फागु धेरै मनाउँछौं।

# नियत सफा राखेर काम गर्न प्रधानमन्त्रीको निर्देशन

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्टसेवक कर्मचारीहरुलाई देश र जनतालाई केन्द्रमा राखेर इमान्दारीपूर्वक काम गर्न निर्देशन दिएका छन् । नियत सफा राखेर काम गर्ने कुनै पनि राष्ट्रसेवक कर्मचारीमाथि समस्या पर्न नदिने समेत उनले प्रतिबद्धता व्यक्त गरेका छन् ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सोमबार भएको सचिवहरूको नियमित बैठकमा प्रधानमन्त्री प्रचण्डले कर्मचारीलाई कुनै पनि समस्या आए त्यसको जिम्मेवारी आफूले लिने बताए ।

"कार्यसम्पादन गर्दा कसैको भय र त्रासमा नपर्नु होला, कानून बमोजिम काम गर्न डराउनु पर्दैन", प्रधानमन्त्री प्रचण्डले भने ।

नयाँ समीकरणको सरकार थप ऊर्जा, नयाँ सोच, उद्देश्य, कार्यसूची र कार्ययोजनाका साथ आएको बताउँदै प्रधानमन्त्री प्रचण्डले सोहीअनुरूप अगाडि बढ्न निर्देशन दिए । "राजनीति र प्रशासक सरकारका अभिन्न अङ्ग हुन्", प्रधानमन्त्रीले भने, "हालसम्म यहाँहरूबाट सहयोग प्राप्त हुँदै आएको छ । अझै थप जाँगर र जोसका साथ काम गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।"

सुशासन आफ्नो पहिलो प्राथमिकताको विषय भएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "म आफू पनि राष्ट्र र कानुन विपरीतको कुनै पनि काम गर्दिन र तपाईंहरू पनि यस्तो कार्यमा लाग्नु हुने छैन भन्ने मैले विश्वास लिएको छु ।"जनताले प्रत्यक्ष अनुभूति गर्नेगरी सेवाप्रवाह गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्रीले शिक्षा, स्वस्थ्य, यातायातजस्ता आधारभूत सेवा, राहदानी, सवारी चालक अनुमतिपत्र, राष्ट्रिय परिचयपत्र वितरण तथा मालपोत दस्तुर बुझाउनेजस्ता सेवा लिन नागरिकले बेहोरेका सास्ती हटाउने काम तत्काल प्राथमिकतामा राख्न निर्देशन दिए ।

उनले तेस्रो त्रैमासिकको लगभग अन्त्यसम्म आइपुग्दा समेत पूँजीगत खर्च सन्तोषजनक नभएको बताउँदै प्रधानमन्त्री प्रचण्डले आयोजना अधुरा रहनु तथा काम सम्पन्न भइसकेकका आयोजनाको पनि भुक्तानी हुन नसक्नु सुखद पक्ष नरहेको बताए ।

लामो समय राष्ट्र सेवामा संलग्न भइ सचिव पदबाट सेवा निवृत्त भएका कर्मचारीको सोमबार विदाइ गरिएको छ । सिसहरबारमा सोमबार आयोजित कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले चालु आर्थिक वर्षमा सेवा निवृत्त भएका १२ जना सचिवलाई दोसल्ला ओढाएर सम्मान गरे । सेवा निवृत्त हुने सचिवहरूमा यादवप्रसाद कोइराला, रामप्रसाद थपलिया, धनराज ज्ञवाली, गोपीकृष्ण खनाल, डा दामोदर रेग्मी, दिनेशकुमार घिमिरे, देवकुमारी गुरागाइँ र केवलप्रसाद भण्डारी रहेका छन् ।

सो अवसरमा प्रधानमन्त्री प्रचण्डले उच्च नेतृत्वसम्म रहेर हासिल गरेका अनुभव र विज्ञता राज्यले सदुपयोग गर्ने बताए । सेवा निवृत्त सचिव गुरागाइँले आफूहरूले कुनै पनि दबाब र प्रभावमा नपरीकन निरन्तर राष्ट्रको सेवा गर्न पाएको भन्दै खुशी व्यक्त गरे । उनले आगामी दिनमा पनि प्रत्यक्ष र अप्रत्यक्षरूमा देशको सेवा गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# टिआरसी विधेयक छिटै टुंगो लगाईने मन्त्री गिरीको भनाई

टुडे समाचारदाता

पर्वत । कानून न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोगसम्बन्धी (टिआरसी) विधेयक छिटै टुंगो लगाईने बताएका छन् ।



सोमबार आयोजित जनसंवाद कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गिरीले विधेयक अन्तिम चरणमा रहेको बताउदै केही बुँदामा मात्र सहमति हुन बाँकी रहेकोले छिटै टुंगो लाग्ने जानकारि दिए । मन्त्री गिरीले भने, "विधेयकमा विभिन्न राजनीतिक दलका नेताहरुको बीचमा धेरै चरणमा छलफल भएको छ, संसद्का समितिहरुमा पनि चरणवद्ध छलफल भएको छ, अधिकांश बुँदामा सहमति भए पनि केही बुँदामा अझै छलफल गरेर टुङ्गोमा पुग्छौं ।"उनले खासगरी पीडितलाई न्याय दिलाउने गरी विधेयक ल्याउनुपर्ने दलहरु सहमत भएको जानकारि दिदै अन्तिम चरणमा रहेकाले विधेयक संसद्मा पेश गर्न लामो समय नलाग्ने उनको भनाई थियो । विधेयक पास भैसकेपछि कतैवाट बिरोधका स्वरहरु ननिस्किुन भन्नेतर्फ सचेत हुँदै पूर्ण तयारी र सहमतिका साथ पारित गरिने समेत मन्त्री गिरीले बताए । त्यस अवसरमा उनले कानुनी साक्षरता गाउँ गाउँमा लैजानुपर्ने धारणा समेत राखे । कानुनको अज्ञानता क्षम्य नहुने भन्दै कानुनी अज्ञानताका कारण धेरैले दुःख पाएको उनको भनाइ छ ।कतिपय कानुन संशोधन गर्न समेत जरुरी रहेको उल्लेख गर्दै गिरीले देश सङ्घीयतामा गए पनि अझै नयाँ कानुन बन्न नसक्दा देश विकासको गति नै रोकिएको उल्लेख गरे । उनले बदलिँदो परिवेश अनुसार कानुन बन्न नसक्दा राज्य सञ्चालनमा समस्या परिरहेको बताए । सदनमा पेस भएका कतिपय विधेयक राजनीतिक अस्थिरताका कारण सदनबाट पास हुन नसकिरहेको भन्दै गिरीले देशमा स्थिर सरकारको आवश्यकता रहेको बताए । मन्त्री गिरीले सङ्घीय निजामति ऐन र शिक्षा ऐन छलफलको चरणमा रहेको भन्दै ऐनहरु छिट्टै जारी हुने विश्वास दिलाए । उनले प्रतिपक्षले कानुन निर्माणमा सरकारलाई असहयोग गर्न नहुने धारणा राखे ।

# निजी विद्यालयमा मापदण्ड लागू गर्न मन्त्रालयको आग्रह

टुडे समाचारदाता

काठमाण्डु । सार्वजनिक विद्यालयमा शुल्क नलिन र नीजि विद्यालयमा शुल्क सम्वन्धि मापदण्ड लागु गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आग्रह गरेको छ । मन्त्रालयले सार्वजनिक विद्यालयमा माध्यमिक तहसम्म विद्यार्थी भर्नालगायतका कुनै पनि शुल्क नलिन र निजी लगानीका विद्यालयमा शुल्कसम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहहरूलाई आग्रह गरेको हो ।




मन्त्रालयले वेवसाइटमार्फत सूचना प्रकाशन गरी सार्वजनिक विद्यालयमा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ को नियम ५ मा उल्लेख भए बमोजिम भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क र पाठ् यपुस्तक बापत कुनै पनि शीर्षकमा शुल्क लिन नपाउने व्यवस्थालाई सोही बमोजिम कार्यान्वयन गर्न/गराउन आग्रह गरेको हो ।

संविधानमा भएको निःशुल्क र अनिवार्य शिक्षाको मौलिक हकको व्यवस्थालाई प्रभावकारी कार्यान्वयनका लागि शिक्षामन्त्री सुमना श्रेष्ठको निर्देशनमा उक्त आग्रह गरिएको हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्वन्धमा व्यवस्था छ । सोही बमोजिम स्थानीय तहबाट स्वीकृत कानुन (मापदण्ड वा निर्देशिका वा कार्यविधि वा अन्य) समेतका आधारमा सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षा र निजी लगानीका विद्यालयमा शल्क निर्धारण एवं छात्रवृत्ति वितरणसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न/गराउनु आग्रह गरिएको मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले जानकारी दिएका छन् ।

यस्तै अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा उल्लेख भए बमोजिम प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित विद्यालयले प्रारम्भिक बालबिकास तथा शिक्षादेखि १२ कक्षासम्मका पाँच सय जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तीमा दश प्रतिशत, पाँच सयदेखि आठ सय जनासम्म विद्यार्थी भएका विालयले कम्तीमा १२ प्रतिशत र आठ सयभन्दा बढी विद्यार्थी भएका विद्यालयले कम्तीमा १५ प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्न पनि मन्त्रालयले स्मरण गराएको हो ।

नियमावलीको नियम ११ र १२ मा उल्लेख भए अनुसार स्थानीय तहका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा छात्रवृत्ति व्यवस्थापन समिति गठन र तोकिए बमोजिमको प्रक्रिया पूरा गरी नियमानुसार प्रदान गरिने छात्रवृत्ति र विशेष व्यवस्था तथा अवसर प्राप्त गर्ने बालबालिकाको पहिचान, छनौट तथा वितरणको उचित व्यवस्थापन र सोको अनुगमन गर्ने गराउने व्यवस्था हुन पनि मन्त्रालयलको आग्रह रहेको छ ।

यसैगरी शिक्षा नियमावली, २०५९ को नियम १४७ को उपनियम २ सँग सम्बन्धित अनुसूची २२ को खण्ड (ख) ले तोकेका शुल्क निर्धारणका आधारहरुको प्रयोग गरी नियम १४७ को उपनियम (२), (३), (४० र (५) अनुसार निजी लगानीका (संस्थागत) विद्यालयको शुल्क निर्धारण गर्ने गराउने व्यवस्था हुन सङ्घीय सरकारले आग्रह गरेको छ ।

विद्यालयलाई मासिक पढाइ, वार्षिक, भर्ना, परीक्षा, कम्प्यूटर, स्थानान्तरण प्रमाणपत्र, विशेष प्रशिक्षण, आवास शुल्क, परिवहन र भोजन शुल्कबाहेक शुल्क लिन नपाइने हुँदा नियम १४६ का साथै संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ को दफा १४ (१) अनुसार शुल्कको अधिकतम सीमा, कायम गरी तोकिए बमोजिम शुल्क निर्धारण गर्ने गराउने ब्यवस्था कार्यान्वयन हुन आग्रह गरिएको छ ।

यसैगरी विद्यालयहरुले आफ्ना विद्यार्थीलाई विद्यालय परिसरभित्रै वा विद्यालयले तोकेको स्थान र पसलबाट पुस्तक, स्टेसनरी, पोशाकलगायतका सामग्री खरिद गर्न अनिवार्य गर्ने गरेको जनगुनासो प्राप्त हुन आएकाले यस खालको कार्य अविलम्व बन्द गरी अभिभावकलाई खुला बजारबाट खरिद गर्ने अवसर प्रदान गर्ने गराउने ब्यवस्थाका लागि आवश्यक सहजीकरण गर्न आह्वानमा निएको छ ।

# फोटो प्रदर्शनीले चीनको प्राकृतिक सुन्दरको उजागरः उपसभामुख

पाटन । उपसभामुख इन्दिरा राना मगरले चीनको गान्सु प्रदेशको फोटो प्रदर्शनीबाट प्राकृतिक सुन्दरको उजागर भएको बताउनुभएको छ ।



गान्सु मोर्डन फोटोग्राफीको आयोजना तथा नेपाल चाइना फ्रेन्डसिप फोरम, राष्ट्रिय फोटो पत्रकार समूह र नेपाल चाइना कल्चर एण्ड एजुकेसनल काउन्सिलको सहकार्यमा पाटन दरबार सङ्ग्रहालयमा आज भएको फोटो प्रदर्शनीले त्यहाँको कला, संस्कृति र सभ्यताका साथै प्राकृतिक सुन्दरता उजागर गरेको बताउनुभयो ।

उपसभामुख राना मगरले आफू चीनमा पुग्दा त्यहाँको रहनसहन र परम्परागत संस्कृतिलाई देख्ने मौका पाएको बताउनुहुँदै त्यहाँको प्राकृतिक सुन्दरता, रीतिरिवाज, परम्परागत संस्कृतिहरुको प्रतिनिधित्व फोटो प्रदर्शनीले गरेको उल्लेख गर्नुभयो ।

"फोटोले धेरै परिवर्तनका कुराको प्रतिनिधित्व गरेको छ । प्रदर्शनीमा राखिएका फोटोले देशमा आएको परिवर्तन, त्यहाँको कला, संस्कृति, वेषभूषा, रीतिरिवाजको पनि प्रतिविम्बित गर्दछ", उहाँले भन्नुभयो, "दुई देशबीच धेरै कुरामा समानता पाइन्छ । देशको भौगोलिक सीमाना कोरिए पनि मानवीयताको कुनै सिमाना हुँदैन भन्ने कुरा प्रष्ट पारेको छ ।"

गान्सु मोर्डन फोटोग्राफी समाजका उपाध्यक्ष वाङ ज्यान सिनले फोटोग्राफीको विकास, प्रवर्द्धनमा लागेको आफ्नो संस्थाबाट विश्व सम्पदा सूचीमा प्रदर्शनी गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

उहाँले फोटो प्रदर्शनीबाट दुई देशबीचको कला, संस्कृति र सभ्यताको जानकारी आदानप्रदान हुनुका साथै दुई देशका फोटो पत्रकारका संस्थाबीचको सहकार्यले एकले अर्को देशको नागरि कस्तरमा सम्बन्ध कायम गर्ने अवसर मिलेको बताउनुभयो ।

राष्ट्रिय फोटो पत्रकार समूहका अध्यक्ष प्रदीपराज वन्तले प्रदर्शनीले चाइनाको अनुभूति दिलाउँदै नेपाल र चाइनाबीचको पर्यटनलाई प्रवर्द्धन गर्न मद्दत पुग्ने बताउनुभयो । उहाँले फोटो प्रदर्शनीले दुई देशबीच सामिप्यता बढाउने बताउनुभयो । नेपाल चाइना फ्रेण्डसीप फोरमका अध्यक्ष डा कल्याणराज शर्माले चीनको हरेक सहरको उत्तिकै विकास भएको बताउनुहुँदै त्यहाँको रहनसहन नेपालसँग मिल्दोजुल्दो भएको बताउनुभयो । उहाँले गान्सु प्रदेश जनजातिको बस्ती भएको बताउनुहुँदै त्यहाँको फोटो प्रदर्शनीले नेपालको विकासका लागि पनि सहयोगी हुनसक्छ भन्ने अपेक्षा रहेको बताउनुभयो ।

नेपाल चाइना कल्चर एण्ड एजुकेसनल काउन्सिलका अध्यक्ष डा हरिश्चन्द्र शाहले यस प्रदर्शनीले नेपाल र चीनबीचको प्राचीन सभ्यता र संस्कृतिलाई नजिकबाट बुझ्न सहयोग पुऱ्याएको र सम्बन्धलाई प्रगाढ बनाउन मद्दत पुऱ्याउने बताउनुभयो । तीन हजार भन्दाबढी सदस्य रहेको गान्सु मोर्डन फोटोग्राफी संस्थाबाट १६ जना उपस्थिति थियो ।रासस

# परराष्ट्रमन्त्री श्रेष्ठ बेइजिङमा

टुडे समाचारदाता

काठमाण्डु । उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ चीनको औपचारिक भ्रमणका लागि चीनको राजधानी बेइजिङ पुगेका छन् ।



बेइजिङस्थित डाक्सिङ अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको विदेश मन्त्रालयका डेपुटी डिरेक्टर जनरल चाङ माओमिङ, चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ तथा चिनियाँ विदेश मन्त्रालयका वरिष्ठ अधिकारीलगायतले स्वागत गरेका थिए ।उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री श्रेष्ठ उनका चिनियाँ समकक्षी वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा चीन भ्रमणमा पुगेका हुन् । चीनमा रहँदा उपप्रधानमन्त्री श्रेष्ठले चिनियाँ समकक्षी तथा बेइजिङ र अन्य प्रान्तहरुमा चीनका उच्चस्तरका विभिन्न व्यक्तित्वसँग भेटगर्ने कार्यक्रम छ। उपप्रधानमन्त्री श्रेष्ठले सोमबारै चिनियाँ जनराजनीतिक परामर्शदातृ सम्मेलन (सिपिपिसिसी)का केन्द्रीय अध्यक्ष वाङ हुनिनसँग भेटवार्ता गरेका छन् । त्यस्तै उनले चिनियाँ कम्युनिष्ट पार्टीको अन्तर ाष्ट्रिय विभाग (आइडिसिपिसी) का उपमन्त्री सुन हाइयानसँग पनि भेट गर्ने कार्यक्रम छ ।

## कार्की वन तथा वातावरण राज्यमन्त्री

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले राज्यमन्त्री दीपक कार्कीलाई वन तथा वातावरण राज्यमन्त्रीको कार्यभार सम्हाल्ने गरी तोकेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को सिफासिरमा २०७९ पुस ११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा कार्कीलाई नेपालको संविधानको धारा ७६ (९) बमोजिम सोमबार उक्त जिम्मेवारी तोकिएको राष्ट्रपतिको कार्यालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । राज्यमन्त्री कार्की जनता समाजवादी पार्टीका सांसद छन् ।

# 'तीनै तहका सरकारलाई जोड्ने काम राष्ट्रियसभाको हो'

चितवन । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले तीनै तहका सरकारलाई जोड्ने काम राष्ट्रियसभाको भएको बताउनुभएको हो ।



सोमबार पत्रकारहरुसँग कुराकानी गर्दै उहाँले स्थानीय तह र प्रदेशसभाको सेतुको रुपमा राष्ट्रियसभाले काम गर्ने उल्लेख गर्नुभयो।

प्रदेश र स्थानीय तहका भावना, समस्या, जटिलता र सम्भावना राष्ट्रियसभामा विषयवस्तु बनाएर छलफल सुरु गरिसकिएको अध्यक्ष दाहालको भनाइ छ । त्यहाँ छलफल भएका विषयवस्तु प्रतिनिधिसभा हुँदै सरकारसम्म पुग्ने उहाँले बताउनुभयो ।

हरेक महिनाको अन्तिम साता सातै प्रदेशका समस्या र ती समस्या समाधानका विषयमा राष्ट्रियसभामा छलफल सुरु गरिएको अध्यक्ष दाहालले बताउनुभयो । उहाँले भन्नुभयो, "प्रदेशका सबै काम कारबाहीका बारेमा सातै प्रदेशबाट प्रतिनिधित्व गर्ने माननीयले कुरा उठाउने व्यवस्था गरेको छु ।"

तीनै तहका सरकारलाई जोड्ने काममा राष्ट्रियसभाले महत्वपूर्ण भूमिका खेल्नुपर्ने अध्यक्ष दाहालले बताउनुभयो ।

राष्ट्रिय सभाको महत्व स्थापित गर्न आफू लागि पर्ने उल्लेख गर्दै उहाँले अझै पनि राष्ट्रियसभाको महत्व धेरैले बुझ्न नसकेको बताउनुभयो ।

राष्ट्रियसभामा अधिकांश विधयेक सर्वसम्मत पारित हुने गरेको भन्दै उहाँले भन्नुभयो, "राष्ट्रियसभामा राजनीतिक दृष्टिकोणले नभई राष्ट्र र जनताको दृष्टिले हेरेर छलफल हुन्छ", राष्ट्रियसभामा आउने विधेयक लामो समय नरोकिने पनि उहाँले स्पष्ट पार्नुभयो ।

विगत ६ वर्षको अवधिमा राष्ट्रियसभामा चार विधेयक उत्पत्ति भएको उल्लेख गर्दै अध्यक्ष दाहालले ती सबै सर्वसम्मत रुपमा पारित गरी पठाएको बताउनुभयो ।राष्ट्रियसभामा राजनीतिकभन्दा पनि आवश्यकताका आधारमा छलफल हुने गरेको अध्यक्ष दाहालको भनाइ थियो ।राष्ट्रियसभाले राष्ट्रिय महत्व र सार्वजनिक महत्वका विषयलाई प्राथमिकता दिने गरेको उहाँले बताउनुभयो ।

# सडक बनाउन बजेटको अभाव नरहेको उपप्रधानमन्त्री महासेठको भनाई

टुडे समाचारदाता

किमाथाङ्का । उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधारमन्त्री रघुविर महासेठले सडक बनाउन बजेटको अभाव नरहेको बताएका छन् ।



संखुवासभाको भोटखोला गाउँपालिकामा आयोजित प्रथम भोटखोलामहोत्सवको आइतबार समापन समारोहमा सहभागी हुँदै उपप्रधानमन्त्री महासेठले आगामी आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा किमाथाङ्कामा सडक पुग्ने बताएका हुन् ।

कार्यक्रममा रक्षामन्त्री हरि उप्रेतीले किमाथाङ्का नाका चाँडै खोल्ने प्रतिबद्धता व्यक्त गरे । उपप्रधानमन्त्री महासेठ र मन्त्री उप्रेतीले किमाथाङ्का नाका र राजमार्गको अवलोकन समेत गरे । मन्त्रीद्वयसमक्ष भोटखोलाका अध्यक्ष वाङ छेदर लामाले गाउँपालिकाको विकासका लागि मागपत्र पेस गरेका थिए ।

राष्ट्रिय गौरवको किमाथाङ्का-खाँदबारी सडकखण्डको १४ किलोमिटर क्षेत्रमा ट्र्याक खोल्न नेपाली सेनालाई जिम्मा दिइएको थियो ।

भौगोलिक हिसाबलेकिमाथाङ्का-खाँदबारी सडकको ट्र्याक खोल्न सकस भएको हो । खाँदबारी-किमाथाङ्का एक सय ६२ किलोमिटर खण्डमा आव २०६५/६६ मा ट्र्याक खोल्न सुरु गरिएको थियो । भोटखोला गाउँपालिकाको च्याम्ताङ-घोङगोप्पाको थप १४ किलोमिटर सडक ट्र्याक खोल्ने काम नेपाली सेनाले गरिरहेको छ ।

सो सडक निर्माण सम्पन्न भए कोशी प्रदेशका मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुरका बासिन्दा प्रत्यक्षरुपमा लाभान्वित हुनेछन् ।

# जापानी प्रधानमन्त्री किशिदाद्वारा शिखर वार्ताका लागि किमसँग आग्रह


एएफपी

सियोल । जापानका प्रधानमन्त्री फुमियो किशिदाले उत्तर कोरियाली नेता किम जोङ उनसँग शिखर वार्ताका लागि आग्रह गरेको उत्तर कोरियाले जनाएको छ ।

उत्तर कोरियाली नेता किमकी बहिनीले जापानी प्रधानमन्त्री किशिदाले आफ्ना भाइसँग शिखर वार्ता गर्न अनुरोध गरेको सोमबार पुष्टि गर्नुभएको हो । लामो समयदेखि चलिरहेको अपहरण विवाद र उत्तर कोरियाको प्रतिबन्धित हतियार कार्यक्रमसहित दुई देशबीचको सम्बन्ध ऐतिहासिक रूपमा तनावपूर्ण छ तर किशिदाले हाले सम्बन्ध सुधार गर्ने इच्छा व्यक्त गर्नुभएको छ । प्योङयाङले जापानी प्रधानमन्त्री किशिदाको आग्रहबारे कुनै औपचारिक प्रतिक्रिया दिइनसकेको जनाएको छ ।

गत वर्ष किशिदाले उत्तर कोरियाली समूहले सन् १९७० र १९८० को दशकमा जापानी नागरिकको अपहरण गरेको घटनालगायत सबै समस्या समाधान गर्न टोकियो इच्छुक रहेको भन्दै आफू बिनाशर्त किमसँग भेट्न तयार रहेको बताउनुभएको थियो ।

उत्तर कोरियाली समाचार संस्था (केसिएनए) ले उत्तर कोरियाली नेता किम यो जोङले जारी गरेको विज्ञप्तिलाई उद्धृत गरी लेखेको छ, “प्रधानमन्त्री किशिदाले उत्तर कोरियाली



नेता किमसँग जतिसक्दो चाँडो व्यक्तिगत रूपमा भेट्ने आफ्नो इच्छा व्यक्त गर्नुभएको छ ।”

उत्तर कोरियाली नेता किम यो जोङले गत महिना जापानी नेतालाई उत्तर कोरिया भ्रमणका लागि प्योङयाङले निमन्त्रणा दिन सक्ने सङ्केत गर्नुभएको थियो । उहाँले भन्नुभयो, “टोकियोको तर्फबाट ठोस नीतिगत परिवर्तन बिना, गलत बुझाइ र अविश्वासले भरिएको द्विपक्षीय सम्बन्ध सुधार गर्न असम्भव रहेको उत्तर कोरिया-जापान सम्बन्धको इतिहासले पाठ सिकाएको छ ।”

उहाँले जापान अपहरणको मुद्दामा तल्लीन रहने हो भने किशिदाको सम्बन्ध सुधार्ने आशा पूरा नहुने बताउनुभयो । किशिदाले केसीएनएको प्रतिवेदनबारे आफूलाई कुनै जानकारी नभएको र त्यसको विषयवस्तुबारे प्रत्यक्ष टिप्पणीनगर्नेसोमबार बताउनुभएको तर उत्तर कोरियासँगको उच्चस्तरीय वार्तालाई ‘महत्वपूर्ण’ भन्नुभएको थियो ।

सन् १९७० र १९८० को दशकमा भएका अपहरणका घटनालाई सङ्केत गर्दै किशिदाले संसद्मा भन्नुभयो, “जापान-उत्तर कोरिया सम्बन्धका लागि अपहरणको मुद्दाजस्ता समस्या समाधानका लागि उच्चस्तरीय वार्ता महत्वपूर्ण छ ।

यही कारण हामीले उत्तर कोरियासँग प्रत्यक्ष रूपमा पदीय हैसियत अनुसार विभिन्न दृष्टिकोण हरु बनाइरहेका छौं र यसबारे मैले विगतमा विषयहरूलाई राखिसकेको छु । उत्तर कोरियाले सन् १९७० र ८० को दशकमा १३ जना जापानी नागरिकलाई अपहरण गर्न समूहहरू पठाएको प्योङयाङले सन् २००२ मा स्वीकारेको थियो । जापानमा अपहरणका ती घटनाहरूलाई शक्तिशाली र भावनात्मक मुद्दाको रूपमा हेरिन्छ ।

आधिकारिक रूपमा पहिचान गरिएकोभन्दा धेरै अपहरण गरिएको हो कि भन्ने शङ्का कायमै छ । विश्लेषकहरूले लामो समयदेखि यस विषयमा विवादले किशिदा र किम जोङ उनबीचको शिखर वार्ताको प्रगतिमा बाधा पुग्न सक्ने बताउँदै आएका छन् ।

सियोलस्थित ‘ कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसन’का वरिष्ठ विश्लेषक होङ मिनले एएफपीसँग भन्नुभयो,

“उत्तर कोरियाको यो भनाइ प्योङयाङले दुई देशका नेताबीच भविष्यमा हुने कुनै पनि शिखर सम्मेलनका लागि वार्ता गर्ने प्रयास गरेको जस्तो देखिन्छ ।”

उहाँले थप्नुभयो, “यो प्योङयाङको वार्ता गर्नका लागि शिखर सम्मेलन पूर्वशर्तहरू निर्धारण गर्न जापान कत्तिको गम्भीर छ भनेर परीक्षण गर्ने तरिका हो ।”जापानका पूर्वप्रधानमन्त्री जुनिचिरो कोइजुमीले सन् २००२ मा प्योङयाङको ऐतिहासिक भ्रमण गरी किमका पिता किम जोङ इलसँग भेट गर्नुभएको थियो । यस भ्रमणले पाँच जना जापानी नागरिकहरूको फिर्ती र कोइजुमीको अनुवर्ती भ्रमणको नेतृत्व गरेको थियो तर उत्तर कोरियाले अपहरण पीडितहरूको बारेमा स्पष्ट कुरा नआउने टोकियोको चिन्ताको कारण कूटनीति चाँडै बिग्रिएको थियो ।

नेता किमकी बहिनी (जोङ) ले भन्नुभयो, “किशिदाले चाहेको र निर्णय गरेको अवस्थामा हाम्रो राज्य नेतृत्वलाई भेट्न असम्भव छ भनेर सोच्नु पर्दैन ।”

“यदि जापान वास्तवमै द्विपक्षीय सम्बन्ध सुधार गर्न चाहन्छ र उत्तर कोरियाको नजिकको छिमेकीको रूपमा क्षेत्रीय शान्ति र स्थिरता सुनिश्चित गर्न योगदान गर्न चाहन्छ भने उसले आफ्नो समग्र हितअनुरूप रणनीतिक विकल्पका लागि राजनीतिक निर्णय लिन आवश्यक छ,” उहाँले भन्नुभयो ।

# आयरल्याण्ड ‘ए’विरुद्ध नेपाल छ विकेटले विजयी

टुडे समाचारदाता

काठमाण्डु । नेपालले आयरल्याण्डको ए टोलीलाई ६ विकेटले पराजित गर्दै ट्वान्टी-ट्वान्टी शृंखलाको पहिलो खेलमा विजयी सुरुआत गरेको छ ।

आयरल्याण्डले जितका लागि दिएको एक सय २२ रनको चुनौतीलाई नेपालले १६ दशमलव एक ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालको जितमा कुशल भुर्तेलले ३२ बल खेल्दै चार चौकाको सहयोगमा ३७ रन बनाए ।

त्यसैगरी सन्दिप जोराले ३५ बलमा तीन चौका र दुई छक्का प्रहार गर्दै ३६ रन बनाए ।

दीपेन्द्र सिंह ऐरीले १२ बलमा दुई चौका र एक छक्काको सहयोगमा २० रन बनाए भने आसिफ शेखले ११ बलमा दुई चौका र एक छक्काको सहायताले १६ रन जोडे । गुल्सन झाले ४ रन बनाए ।

बलिङतर्फ आयरल्याण्डका ग्यारेथ डीलेनीले दुई विकेट



लिए भने बेन व्हाइट र थोमस माएसले समान एक/ एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ रोजेको आयरल्याण्ड ‘ए’ ले निर्धारित २० ओभरमा अलआउट हुँदै एक सय २१ रनको योगफल बनाएको थियो ।

आयरल्याण्डका लागि स्टेफन डोहेनीले सर्वाधिक ४६ रनको योगदान दिए । त्यसैगरी म्याथ्यु हम्फ्रिज र लियाम मकार्थीले समान १६/१६ रन जोडे । त्यस्तै फिओन ह्यान्डले ११ रन बटुलुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

नेपालका लागि ललित राजवंशी, गुलशन झा र कुशल भुर्तेलले समान दुई /दुई विकेट लिए भने करण केसी र कुशल मल्लले समान एक /एक विकेट लिए । नेपालले आइरल्याण्डको ए विरुद्धको मंगलबार दोस्रो खेल खेल्नेछ ।

# साठी लाख अफगानीलाई सहायता वितरण



एएनआई

काबुल (फेब्रुअरीमा अफगानिस्तानमा ६० लाख मानिसहरूले खाद्य सहायता प्राप्त गरेको विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) लाई उद्धृत गर्दै अफगानी समाचार संस्था खामा प्रेसले जनाएको छ ।

डब्लुएफपीले शनिबार अफगानिस्तानमा ६० लाखभन्दा बढी मानिसलाई नगद र खाद्यान्न सहायता उपलब्ध गराएको छ प्रेस विज्ञप्तिअनुसार अफगानी बालबालिकालाई खाना तथा पोषण उपलब्ध गराउने आवश्यकता पुरा गर्न यो सहायता प्रदान गरिएको हो ।

केही निजी दाता र सहयोगी देशहरूको आर्थिक सहयोगमा अफगानिस्तानमा खाद्य सहायता प्रदान गरिएको समाचारमा जनाइएको छ ।

अफगानिस्तानमा आर्थिक चुनौती र मानवीय सङ्कटले खाद्य सहायताको माग बढेको सरकारी तथा गैर-सरकारी स्रोतहरूले जानकारी गराएपछि युएनडब्ल्युएफपीको सहकार्यमा सहायता प्रदान गरिएको हो ।

पछिल्लो समयमा गम्भीर मानवीय सङ्कटबीच अफगान शरणार्थीहरू पाकिस्तानबाट ठूलो सङ्ख्यामा स्वदेश फर्किरहेका छन् ।

मुलुकमा जारी द्वन्द्व र आर्थिक अस्थिरतासहित अफगानिस्तानको बिग्रँदै गएको मानवीय सङ्कटले धेरै शरणार्थीहरूलाई अनिश्चित अवस्थाको बाबजुद स्वदेश फिर्ता गर्न प्रेरित गरेको खामा प्रेसले जनाएको छ ।

शरणार्थीहरू स्वदेश फर्केसँगै उनीहरूले खाना, आश्रय र स्वास्थ्य सेवाजस्ता आधार भूत आवश्यकताहरूमा सीमित पहुँचसहित विशाल चुनौतीहरूको सामना गरिरहेका छन् ।शरणार्थीहरूले अन्तर्राष्ट्रिय समुदायलाई आफ्नो मातृभूमिमा चलिरहेको सङ्कटबीचमा अफगान शरणार्थीहरूको सुरक्षा र कल्याण सुनिश्चित गरी पुन : वास र एकीकरण प्रयासहरूलाई सहयोग पुऱ्याउन तत्काल सहयोग प्रदान गर्न आग्रह गरिरहेका छन् ।

# पाकिस्तानद्वारा दोस्रो चरणको अफगानी शरणार्थी फिर्ता सुरु गर्ने

एएनआई

इस्लामाबाद । पाकिस्तानले कागजातसहितका करिब १० लाख अफगानी शरणार्थीलाई फिर्ता पठाउने अभियानको दोस्रो चरणको कार्यक्रम अघि बढाउने तयारी सुरु गरेको छ । यसका लागि पाकिस्तानका जिल्ला अधिकारीहरू तथा प्रहरीलाई उनीहरूको तथ्याङ्क सङ्कलन गर्न आदेश दिइएको पाकिस्तानी पत्रिका ‘डन’ ले अधिकारीहरूलाई उद्धृत गरी समाचारमा जनाएको छ ।

अफगान सिटिजन कार्ड (एसीसी) धारी शरणार्थीको प्रमाणीकरण द्रुत बनाउन जिल्ला प्रशासन र प्रहरीलाई निर्देशन जारी गरिएको एक अधिकारीले बताएका छन् । अहिलेसम्म कुनै मिति भने घोषणा नगरिएको यद्यपि अधिकारीले पाकिस्तानको संघीय सरकारबाट अनुमति प्राप्त भएपछि कागजात प्राप्त अफगानहरूलाई फिर्ता गर्ने अभियान गर्मी यामको सुरुदेखि मध्यसम्म सुरु हुनसक्ने ती अधिकारीले बताए । डन पत्रिकासँग कुरा गर्दै खैबर पख्तुनख्वाका अतिरिक्त मुख्य सचिव आबिद मजीदले प्रमाणीकरण प्रक्रिया सुरु गरिसकेको बताउँदै रमजान पछि यसले गति लिने तथा अप्रिल ३०



अघि सर्वेक्षण पूरा हुँने विश्वास व्यक्त गर्नुभयो ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (यूएनएचसीआर) का अनुसार अफगानिस्तानमा वैधरूपमा २१ लाख ८० हजार अफगान शरणार्थीहरू छन् । योमध्ये २००६/७ मा गरिएको जनगणना अनुसार १३ लाख शरणार्थीहरूको दर्ता प्रमाण (पीओआर) कार्डहरू छन् भने थप ८८ हजार शरणार्थीहरूले २०१७ पछि नागरिकता पेश गरेका छन् । अगस्ट २०२१ मा तालिबानले सत्ता कब्जा गरेपछि अफगानहरू सुरक्षाको खोजीमा पाकिस्तान आइपुगेका थिए । अधिकारीहरूका अनुसार पाकिस्तान पुगेका अफगानहरूको सङ्ख्या छदेखि आठ लाखको बीचमा थियो । योमध्ये केहीसँग वैध यात्रा कागजातहरू रहेको जनाइएको छ ।

यसअघि नोभेम्बरमा, पाकिस्तानले ‘कागजात विहीन विदेशीहरू’ भनेर वर्णन गरेको पहिलो चरणको स्वदेश फिर्ती सुरु गरेको थियो । पाकिस्तानी अधिकारीहरूले नोभेम्बर २०२३ देखि अनुमानित १७ लाख कागजात विहीन अफगानीमध्ये कतिजना पाकिस्तान छोडेर गएका छन् भन्नेबारेमा कुनै आधिकारिक तथ्याङ्क जारी गरेका छैनन् ।

पाकिस्तानको स्वदेश फिर्ती अभियानको पहिलो चरणमा खैबर पख्तुनख्वा र बलुचिस्तान हुँदै अफगानिस्तान फर्केका कागजात विहीन अफगानहरूको कुल सङ्ख्या करिब पाँच लाख पुगेको डनले जनाएको छ ।

आठ लाख ८० हजार नागरिकता धारी अफगानी शरणार्थीमध्ये कतिजना पाकिस्तानमा छन् वा तीमध्ये कतिजनाले स्वेच्छाले अफगानिस्तान फर्कने निर्णय गरेका छन् भन्ने थाहा छैन ।तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले पहिले कागजात विहीन अफगानहरूको फिर्तालाई ‘अस्वीकार्य’ भन्नु भएको थियो भने हाल पाकिस्तानबाट उदारताका साथ थप शरणार्थी स्वीकार गर्नुभएको छ ।

# श्रीलङ्काको बेरोजगारी दरमा सामान्य कमी



सिन्ह्वा

कोलम्बो । श्रीलङ्काको आधिकारिक बेरोजगारी दर सन् २०२३ को अन्तिम त्रैमासिकमा ४.३ प्रतिशतमा झरेको श्रीलङ्काको तथ्याङ्क विभागले जानकारी गराएको छ । अघिल्लो त्रैमासिकमा उक्त दर ४.७ प्रतिशत रहेको थियो ।

विभागले देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को तेस्रो त्रैमासिकमा १.६ प्रतिशत र २०२३ को चौथो त्रैमासिकमा ४.५ प्रतिशतले विस्तार भएको उल्लेख गरेको छ ।

अर्थतन्त्रको सबैभन्दा खराब सङ्कटलाई व्यवस्थापन गरिएसँगै अहिले श्रम बजारमा मानिसले अवसर खोज्न थालेको विभागको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

सङ्कटको प्रभावका कारण हालसम्म धेरै कम्पनीहरूले आफ्ना पूराना कामदारलाई सेवा निवृत्त गर्नुका साथै नयाँ रोजगारीका अवसरलाई रोकेका थिए ।

अहिले देशको अर्थतन्त्रले सुधारको सङ्केत देखाउँदै पुन : लयमा फर्किन थालेको छ । विगत दुई वर्षमा श्रीलङ्कामा सामूहिक बसाइँसराइ देखेको र कम्पनीहरूले रोजगारीमा पुन: नयाँ भर्ना गर्न थालेका तर नयाँ भर्नामा योग्य कामदारको कमी देखिन सक्ने विभागले जानकारी गराएको छ ।

विभागले ४.३ प्रतिशतको आधिकारिक बेरोजगारी दरले पूर्ण रोजगारीको नजिक प्रतिबिम्बित गरेको र यसले श्रम बजार अवस्थालाई कसिलो भएको पनि सङ्केत गरेको विभागले उल्लेख गरेको छ ।

# नागरिकबीचको प्रेम, एकता र भाइचाराको पर्व होली : राष्ट्रपति मुर्मू

एएनआई

नयाँदिल्ली । होली पर्वले मानिसमा प्रेम, एकता र भाइचाराको भावनालाई बढावा दिने भारतकी राष्ट्रपति द्रौपदी मुर्मूले बताउनुभएको छ ।

हर्षोल्लासका साथ रङ खेलेर मनाइने होली पर्व भारतमा यो बर्ष मार्च २५ (सोमबार) परेको छ । पर्वको सुरुवात ‘होलिका दहन’ भनिने आगो जलाउने अनुष्ठानसहित गरिन्छ जसले राक्षस होलिकालाई जलाएको सन्दर्भलाई सङ्केत गर्दछ ।

यो पर्व भगवान कृष्ण प्रति समर्पित छ जसले उत्तर प्रदेशको ब्रज नामक क्षेत्रमा धेरै समय बिताएको विश्वास गरिन्छ । यसले होलीको भावनालाई मात्र नक्कल नगरी राधा र कृष्णको कालातीत प्रेमको प्रतिरूप पनि झल्काउँछ ।

राष्ट्रपति मुर्मूले होली पर्वको पूर्वसन्ध्यामा आइतबार एक सन्देश जारी गरी देश विदेशमा रहेका सम्पूर्ण भारतीय नागरिकलाई शुभकामना दिनुभएको छ ।



सन्देशमा उहाँले रङहरू खेलेर मनाइने यो पर्वले आपसी एकता र भाइचाराको भावनालाई जागृत गर्ने बताउनुभएको छ ।

राष्ट्रपति मुर्मूले आफ्नो सन्देशमा होली पर्व एउटा जीवन्त र उल्लासपूर्ण पर्व भएकाले यसले मानव जीवनमा आशा र उत्साह जगाउने बताउनुभयो । होलीका विभिन्न रङहरू देशको विविधताको प्रतीक भएको बताउँदै होली पर्वले जनतामा प्रेम, एकता र भाइचाराको भावनालाई बढावा दिई सांस्कृतिक मूल्य मान्यतालाई सुदृढ बनाउन नागरिकलाई प्रेरणा दिने उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री नरेन्द्र मोदीले पनि आइतबार होलीको अवसरमा एक सन्देश जारी गर्दै देश विदेशमा रहेका सम्पूर्ण नागरिकहरूलाई बधाई तथा शुभकामना दिनुभएको छ । सामाजिक सञ्जाल एक्समार्फत प्रधानमन्त्री मोदीले देशका सबै नागरिकहरूलाई होलीको शुभकामना दिनु भएको हो । उहाँले भन्नुभयो, “स्नेह र सद्भावका रङहरूले सजाइएको परम्परागत पर्वले सबैको जीवनमा नयाँ ऊर्जा र उत्साह ल्याओस् ।” रङको यो पर्वले सबैको जीवनमा खुशी ल्याउने र सबैलाई नयाँ जोशका साथ राष्ट्र निर्माणका लागि प्रेरित गर्ने उहाँले बताउनुभयो ।

त्यसैगरी, भारतका संघीय गृहमन्त्री अमित शाहले जनताको जीवनमा सुख, समृद्धि, सद्भाव र नयाँ ऊर्जाको कामना गर्दै रङको पर्व होलीको शुभकामना दिनुभएको छ ।

रक्षामन्त्री राजनाथसिंहले पनि होलीको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ । “होलीले जीवनमा आनन्द, उत्साह र नयाँ ऊर्जाको संचार गरोस्,” सिंहद्वारा एक्समार्फत सम्प्रेषित शुभकामना सन्देशमा उल्लेख छ ।

# सोमालियाको जेलमा रहेका ३३ इरानी रिहा



सिन्ह्वा

तेहरान ।सोमालियाले इरानमा थुनामा रहेका ३३ जना इरानी मछुवा र डुङ्गा चालकलाई रिहा गरेको सरकारी समाचार संस्था इरनाले आइतबार जनाएको छ ।

केन्याका लागि इरानका राजदूत अली घोलमपुरले रिहा भएका इरानीहरूलाई आफ्नो देशमा स्थानान्तरण गर्न लागिएको जानकारी दिँदै सोमालियाका अधिकारीहरूले वर्षौंको कूटनीतिक गतिरोधपछि इरानसँगको सम्बन्धलाईपुनर्जीवित गर्ने प्रक्रियामा अघि बढ्न तत्परता व्यक्त गरेको बताउनुभयो ।

घोलमपुरले सोमालियाले इरानी नाविक र मछुवाहरूको रिहाइले द्विपक्षीय सम्बन्ध पुन: सुरु गर्न सकारात्मक वातावरण सिर्जना गर्न र इरान र सोमालियाबीच रचनात्मक अन्तरक्रिया र संवादका लागि मार्ग प्रशस्त गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, “दुवै पक्षको एजेन्डामा प्राथमिकताहरू मध्ये एक मत्स्य सहयोग सम्झौताको मस्यौदा गर्नु हो जसले द्विपक्षीय हितको रक्षा गर्न सक्छ र सोमालियाद्वारा इरानी माछा मार्ने जहाजहरूको कब्जाको पुनरावृत्ति रोक्न सक्छ ।”

इरानका अनुसार सन् २०२३ को ग्रीष्मऋतुमा सोमालियाले इरानीहरूलाई वैध अनुमतिबिना हिन्द महासागरमा काम गरेको आरोपमा पक्राउ गरेको थियो र पछि उनीहरूलाई ६ वर्षको जेल सजाय र लाखौं अमेरिकी डलर जरिवानाको सजाय सुनाएको थियो ।

# नेप्से परिसूचक पुनः दोहोरो अङ्कले घट्यो

टुडे समाचारदाता

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार पुनः दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक १७ दशमलव ०१ अङ्कले घटेर दुई हजार ३१ दशमलव ५५ को बिन्दुमा कायम भएको छ।

सोमबार तीन सय चार कम्पनीका ७० लाख ६१ हजार १२ कित्ता शेयर ४४ हजार दुई सय ३६ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ४८ करोड ९१ लाख १८ हजार चार सय ८५ बराबरको कारोबार भएको छ।




होटल तथा पर्यटन समूह शून्य दशमलव ४५, उत्पादन तथा प्रशोधन दुई दशमलव १९, म्युचुअल फन्ड शून्य दशमलव १९ र व्यापार समूह शून्य दशमलव ३० प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव २२, विकास बैंक एक दशमलव ४९, वित्त शून्य दशमलव ८५, जलविद्युत् एक दशमलव १२ र लगानी समूह शून्य दशमलव ३६ प्रतिशतले घटेको छ । त्यसैगरी, जीवन बीमा समूह शून्य दशमलव ९६, उत्पादन दुई दशमलव २५, निर्जीवन बीमा शून्य दशमलव ७७ र अन्य समूह शून्य दशमलव ५४ प्रतिशतले घटेको छ।

बोटलर्स नेपाल (बालाजु) लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सर्वोत्तम सिमेन्ट लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले बढेको छ।

त्यसैगरी, किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै गुर्खाज फाइनान्स लिमिटेडको रु २८ करोड ९० लाख २५ हजार आठ सय ५६ बराबरको कारोबार भएको छ।

# भैंसी पालनप्रति किसानलाई उत्प्रेरणा जगाउन प्रतियोगिता

टुडे समाचारदाता

इनरुवा । भैसी पालनप्रति किसानहरुलाई उत्प्रेरणा जगाउन सुनसरीको इटहरी उपमहानगरपालिकामा भैंसी प्रतियोगिता गरिएको छ । बर्सेनि भैंसीपालक किसान घट्दै गएपछि भैंसीपालनतर्फ आकर्षित गर्ने उदेश्यका साथ इटहरीमा भैंसी प्रतियोगिता सम्पन्न गरिएको हो । भैंसीपालन गर्दै आएका किसान अन्य पशुपालनतर्फ परिवर्तन हुन थालेपछि भैंसीपालक किसानलाई प्रोत्साहन गर्नका लागि प्रतियोगिता गरिएको आयोजक संस्थाका सचिव राजन धमलाले जानकारी दिएका छन् । इटहरीमा रहेको दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको आयोजनमा सुनसरी र मोरङमा भैंसीपालन गर्दै आएका किसानबीच प्रतिस्पर्धा गरिएको हो । दुग्ध उत्पादक सहकारी संस्थाको ४२ औं स्थापना दिवसका अवसरमा प्रतियोगिता आयोजना गरिएको संस्थाका सचिव धमलाले जानकारी दिए।

प्रतियोगितामा सुन्दरहरैंचाका ३० किसानका ५० भैंसी प्रतियोगितामा सहभागी गरिएका थिए।

प्रतियोगितामा इटहरी उपमहानगरपालिका-३ का चन्द्रबहादुर बस्नेतको भैंसी प्रथम भएको छ। त्यसैगरी सुन्दरहरैंचा-५ की पदमकुमारी राईको भैंसी दोस्रो तथा सोही स्थानका भोजराज गौतमको भैंसी तेस्रो भएको धमलाले बताए। त्यसैगरी सुन्दरहरैंचा-५ कै तीर्थकुमारी लिम्बूको भैंसी सान्त्वना पुरस्कार पाउन सफल भएको कार्यक्रम संयोजक तथा संस्थाका सचिव धमलाले जानकारी दिए । भैंसी प्रतियोगिताका निर्णायकमा भेटेरीनरी अस्पताल सुनसरीका प्रमुख कुमारसिंह खत्री, इटहरी उपमहानगरपालिकाका पशुपक्षी शाखाका प्रमुख डा दुर्गाबहादुर श्रेष्ठ र इलारी संस्थाका कार्यक्रम संयोजक एकमणि नेपाल रहेका थिए । भैंसीको स्वास्थ्य, रूप, जिउ डाल, जात, दूधको उत्पादनलगायत गुणका आधारमा तीन सदस्य निर्णायक टोलीले विजेता भैंसी घोषणा गरेका थिए । प्रतियोगिताका विजेता भैंसी धनी किसानलाई नगदसहित प्रमाणपत्रले पुरस्कृत गरिएको कार्यक्रम संयोजक धमलाले जानकारी दिए। पछिल्लो समय किसानले भैंसी पाल्न छाड्न थालेकाले यसको महत्व बुझाउन प्रतियोगिता आयोजना गरिएको संस्थाका अध्यक्ष खेम काफ्लेले जानकारी दिए।

भैंसीपालक किसानलाई प्रोत्साहन गर्नका लागि बर्सेनि विभिन्न कार्यक्रम गर्दै आएको संस्थाका व्यवस्थापक ध्रुव कोइरालाले बताए ।विगतका वर्षभन्दा यस वर्ष किसानकै घरदैलोमा पुगेर प्रोत्साहन गर्न प्रतियोगिता आयोजना गरिएको उनको भनाइ छ । दुग्ध उत्पादक सहकारी संस्थाले किसानबाट उत्पादन भएको दूध सङ्कलन, बिक्रीवितरण गर्दै आएको छ भने आवश्यक ऋणसहितको सुविधा दिंदै आएको व्यवस्थापक कोइरालाले बताए।

# एसियाली राजमार्ग निर्माणको काम सुरू



टुडे समाचारदाता

मोरङ । एसिया महादेशका ३२ मुलुकलाई जोड्ने 'एसियाली राजमार्ग' निर्माणको पहिलो चरणको काम सुरू भएको छ।

पहिलो चरणको कार्यअन्तर्गत झापाको कमल गाउँपालिकाको सीतापुरीदेखि इटहरीको देवी खोलासम्मको पश्चिम खण्डमा रूख कटान सुरू भएको हो । त्यसमध्ये पश्चिम खण्डको सडक निर्माणको जिम्मा काठमाडौंको जैन सिआर, एफ जि टुडी कम्पनीले पाएको छ।

एसियाली विकास बैंकको सहयोगमा एसियन हाइवेसँग जोडिएको पूर्वी नेपालको काँकडभिट्टादेखि सुनसरीको लौकहीसम्म एक सय २० किलोमिटर सडक चार लेनको काम अघि बढेको जैन सिआर, एफ जि टुडी कम्पनीका प्रतिनिधि हरिप्रसाद पराजुलीले जानकारी दिए। पश्चिम खण्डका क्षेत्रमा करिब छ हजार सात सय ३७ रूख कटान हुने तथा तीन वर्षभित्रमा सडक निर्माण गर्ने गरी सम्झौता भएको कम्पनीका प्रतिनिधि पराजुलीले जानकारी दिए।

एसियाली विकास बैंकको रु २८ अर्ब १७ करोडको लागतमा झापा, मोरङ र सुनसरीसँग जोडिएको पूर्व-पश्चिम राजमार्गको एक सय २० किमी क्षेत्र चार लेनको बन्ने भएको छ । जम्मा ७१ नयाँ पुलसहित राजमार्ग विस्तार हुने कम्पनीका प्रतिनिधि पराजुलीले बताए।

# कर्णालीको जलविद्युत् उत्पादन क्षमता १८ हजार मेगावाट

कांँक्रेविहार । कर्णाली प्रदेशमा १८ हजार मेगावाट भन्दा बढी जलविद्युत् उत्पादन क्षमता रहेको प्रदेशको जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर (सिडिई) गोपाल शर्माका अनुसार प्रदेशभित्रका विभिन्न नदीमा गरिएको सर्वेक्षणबाट यो तथ्य फेला परेको हो।

उत्पादन क्षमता धेरै भए पनि कर्णाली प्रदेशबाट राष्ट्रिय प्रशारण ग्रिडमा ८ दशमलव २५ मेगावाट मात्र जोडिएको छ। हाल १० मेगावाट जलविद्युत् आयोजना कर्णालीमा उत्पादन भइसकेको छ । कर्णालीका १० जिल्लाका ५७ प्रतिशत स्थानीयले मात्र विद्युत् सेवा उपभोग गर्न पाएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । प्रदेशका सबै घरधुरीमा र कृषि, उद्योग जस्ता सेवा क्षेत्रमा विद्युत्को माग पूर्ति गर्न प्रदेशभित्र निर्माणाधीन साना, ठूला जलविद्युत् आयोजनाको कामलाई तीव्रता दिनुपर्ने मन्त्रालयका सिडिई शर्माले बताउनुभयो।

सम्भाव्यता अध्ययनका लागि लाइसेन्स पाएका १९ जलविद्युत् आयोजना कर्णालीमा छन् । भेरी नदी जलविद्युत् आयोजना एक सय ४० मेगावाट सहरतारा डोल्पा, माथिल्लो भेरी जलविद्युत् आयोजना तीन सय १५ मेगावाट त्रिपुराकोट डोल्पा, ५७ मेगावाटको मुगु खोला जलविद्युत आयोजना मुगु, सात दशमलव १ मेगावाट ताक्सुगाड जलविद्युत् आयोजना नलगाड जाजरकोट रहेका छन्।



त्यसैगरी अपर रुरु बन्छुखोला जलविद्युत् आयोजना १९ दशमलव ६ मेगावाट चिलखाया कालीकोट, ७० मेगावाटको चुवाखोला जलविद्युत् आयोजना बरुगङ्गा हुम्ला, एक सय ३५ मेगावाटको नाम्ला खोला जलविद्युत् आयोजना मुगु, तीन सय ६ मेगावाटको अपर मुगु कर्णाली जलविद्युत् आयोजनाले समेत सम्भाव्यता अध्ययनका लागि लाइसेन्स लिएका छन्।

सम्भाव्यता अध्ययनकै लाइसेन्स प्राप्त गरेका अन्य जलविद्युत आयोजनाहरु ८२ दशमलव ३ मेगावाटको जगदुल्ला जलविद्युत आयोजना-ए, चार दशमलव ७८ मेगावाटको सिस्नेखोला जलविद्युत् आयोजना रुकुम पश्चिम, ३० दशमलव २ मेगावाट रतमाखोला जलविद्युत् आयोजना रुकुम, ३० मेगावाटको सानीभेरी-३ मुसिकोट जलविद्युत् आयोजना, छ दशमलव ३ मेगावाट अपर टाक्सुजलविद्युत् आयोजना जाजरकोट, एक सय ५२ मेगावाटको मुछुलिमी हुम्ला, ४० मेगावाटको पेल्माखोला जलविद्युत् आयोजना रुकुम, ६० मेगावाटको अपरसानीभेरी जलविद्युत् आयोजना रुकुम, जिल्ली चुमाइ जलविद्युत आयोजना एक सय मेगावाट कालीकोट र तीन दशमलव ५ मेगावाटको फेदीखोला जलविद्युत् आयोजना डोल्पा छन्।

हाल कर्णालीमा निर्माणाधीन जलविद्युत् आयोजनाको संख्या २१ वटा रहेको विद्युत् विकास विभागले जनाएको छ। ती जलविद्युत् आयोजनामध्ये सबैभन्दा बढी साविकको कर्णालीमा छन् । सबैभन्दा कम सुर्खेतमा छ। सुर्खेतमा ३३ केभी प्रशारण लाइन विद्युत्को राष्ट्रिय प्रशारणमा जोडिसकेको छ भने एक सय ३२ केभी प्रशारण लाइन निर्माणको अन्तिम चरणमा पुगेको छ। हाल सुर्खेतसम्म मात्र निर्माण हुने एक सय ३२ केभी प्रशारण लाइन अन्य जिल्लामा पनि विस्तार गर्नुपर्ने माग छ । निर्माणाधीन जलविद्युत आयोजनाहरुमा तीन दशमलव ७५ मेगावाटको दवारीखोला जलविद्युत् आयोजना, चार दशमलव ५ मेगावाटको पदमखोला जलविद्यत् आयोजना, ४६ दशमवलव ८ मेगावाटको भेरी बबई डाइभर्सन जलविद्युत् बहुउद्देश्य आयोजना, चार सय १७ मेगावाटको नलगाड जलविद्युत् आयोजना, एक सय ६ मेगावाटको जगदुल्ला जलविद्युत् आयोजना र चार सय २६ मेगावाटको फुर्कोट कर्णाली जलविद्युत् आयोजना रहेका छन्।

त्यसैगरी बेपन कर्णाली सञ्चयकर्त्ता जलविद्युत् आयोजना चार सय ३९ मेगावाट, माथिल्लो कर्णाली जलविद्युत् आयोजना नौ सय मेगावाट, मुगु कर्णाली जलविद्युत् आयोजना एक हजार नौ सय २ मेगावाट, तिला-१ जलविद्युत् आयोजना चार सय ४० मेगावाट, तिला-२ जलविद्युत आयोजना चार सय २० मेगावाट, भेरी-१ जलविद्युत आयोजना दुई सय ७० मेगावाट जाजरकोट, हुम्ला कर्णाली-१ जलविद्युत् आयोजना दुई सय ३५ मेगावाट निर्माणाधीन अवस्थामा छन्।

हुम्ला कर्णाली-२ मेगावाट जलविद्युत् आयोजना तीन सय ४५ मेगावाट, मुगु कर्णाली जलविद्युत् आयोजना एक सय ५९ मेगावाट, सानीभेरी-३ जलविद्युत् आयोजना ४९ मेगावाट, रुरुबच्छुखोला-२ जलविद्युत् आयोजना १२ मेगावाट, अपर लोहरेखोला ४ मेगावाट, सानीभेरी जलविद्युत् आयोजना ४४ मेगावाट, भेरी नदी जलाशय जलविद्युत् आयोजना तीन सय मेगावाट र सुपरचुवाखोला जलविद्युत् आयोजना ९० मेगावाट आयोजना निर्माणधीण अवस्थामा छन्।

जाजरकोट नलगाडको दानी पीपलदेखि सुर्खेतको मेहलकुना सम्म चार सय केभी प्रशारण लाइन निर्माण कार्य अघि बढेको छ । सब स्टेशनका लागि जग्गा खरिद भई मुआब्जासमेत वितरण भइसकेको छ।

एक सय ५० किलोमिटर लामो प्रसारण लाइन निर्माण हुने ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले बताउनुभयो।दानीपिपलमानलगाड, ताक्सुगाड र जगदुल्ला जलविद्युत आयोजनाको विद्युत् जम्मा गरेर नेशनल ग्रिडमा जडान गर्ने लक्ष्य छ। जाजरकोटका स्थानीय समेत रहनुभएका उर्जामन्त्री बस्नेतले कर्णालीमा रहेका जलविद्युत् आयोजना निर्माण गर्न लगानी जुटाउनुपर्ने चुनौती रहेको बताउनुभयो । कर्णालीमा विद्युत् उत्पादन क्षमता धेरै भएकाले सबैको ध्यान अहिले कर्णालीमा रहेको मन्त्री बस्नेतको भनाइ छ । केही समययता सुर्खेतदेखि नेपालगञ्जसम्म विद्युतीय सवारीसाधनको प्रयोग बढेको छ ।रासस

# सहुलियत दरको ऋण सुविधा उपलब्ध गराउन आग्रह

टुडे समाचारदाता

काठमाण्डु । नेपालका लागि ऋण प्रवाहमा सहुलियत दरको नीतिगत व्यवस्था गर्न एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) लाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आग्रह गरेका छन्।



नेपाल भ्रमणमा रहेका एआइआइबीका निर्देशक नेतृत्वको प्रतिनिधिमण्डलले सोमबार गरेको शिष्टाचार भेटका क्रममा प्रधानमन्त्री दाहालले एआइआइबीमा सहुलियतको प्रावधान नहुँदा बजार दरको ब्याजमा ऋण प्राप्त गर्न नेपालजस्ता मुलुकलाई कठिन हुने बताए।

"नेपाललाई अझै पनि ऋणमा सहुलियत आवश्यक छ, तर एआइआइबीसँग यस्तो व्यवस्था छैन", प्रधानमन्त्री दाहालले भने, "बजार दरको मूल्यले बैंकको वित्तमा नेपालको पहुँचलाई सीमित गरेको छ, तपाईंहरू नीति निर्माता भएका नाताले यसमा पुनःविचार गर्न आग्रह गर्दछु।"

सरकार सुशासन, संस्थागत विकास, सामाजिक न्याय तथा समृद्धिमार्फत् उच्च आर्थिक वृद्धिको लक्ष्यमा केन्द्रित भएको बताउँदै प्रधानमन्त्री दाहालले यस प्रक्रियामा वित्तीय व्यवस्थापन, प्राविधिक सहायता, ज्ञानको साझेदारी र पुंँजी परिचालनमा बैंकको सहयोगको अपेक्षा गरेको उल्लेख गरे।

नेपालमा हाल एआइआइबीको लगानीमा ऊर्जा क्षेत्रका केही परियोजनामा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जलविद्युत्, पर्यटन, सूचना प्रविधि र पूर्वाधार विकासमा लगानीको प्रचुर सम्भावना रहेकाले लगानी गर्न आग्रह गरे।

"भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने र बङ्गलादेशमा समेत विद्युत् निर्यात गर्ने सम्झौता भएको छ।

यसले नेपालको ऊर्जा व्यापारमा मार्गप्रशस्त गरेको छ," प्रधानमन्त्री दाहालले भने, "ऊर्जा क्षेत्रमा लगानीका लागि राम्रो सम्भावना छ । हामीले आगामी महिना लगानी सम्मेलन गर्दैछौं, त्यसमा एआइआइबीले उच्च तहमा प्रतिनिधित्व गर्दै नेपालका प्राथमिकताका क्षेत्रमा लगानीका लागि अनुकूल वातावरण निर्माणमा सहयोग गर्ने मैले विश्वास लिएको छु।"

नेपालमा निजी तथा वैदेशिक लगानी प्रवर्द्धनका लागि नीतिगत परिमार्जन गरेको उल्लेख गर्दै दाहालले ढुक्क भएर नेपालमा लगानी गर्न आह्वान गरे । उनले भने, "लगानीका लागि अब नेपालमा नयाँ हुन्छ, ढुक्क भएर लगानी गर्नुहोस्।"

भेटमा एआइआइबीका निर्देशक आरएमपी रथनायकेको नेतृत्वमा निर्देशक, उपाध्यक्ष एवं उच्च अधिकारीको सहभागिता रहेको थियो।

स ा ` अवसरमा प्रतिनिधिमण्डलका प्रमुख श्रीलङ्काका आरएमपी रथनायकेले नेपाल संस्थापक सदस्यका रुपमा बैंकले नेपाललाई प्राथमिकता राखेको र यहाँको विकासमा लगानी गर्न बैंक सकारात्मक रहेको बताए।

# बिक्दैनन् दारबाट बनेका ठेकाठेकी

गलेश्वर । दशपाथे काठको ठेकीमा मदानी बेरेको नेतीलाई दाहिने र देब्रे हातले पालैपालो तानेर घ्वार्र... घ्वार्र.. गर्दै मही पारेको दृश्य म्याग्दीका ग्रामीण भेगमा देखिन छोडेको छ । सुविधा र बसाइँसराइका कारण गाउँमा पशुपालन गर्ने मानिसको सङ्ख्या घट्दै गएपछि काठका ठेकीमा मदानीले दही मथेर मही पार्ने चलन हराउँदै गएको हो।

करिब एक दशकअघिसम्म म्याग्दीका ग्रामीण क्षेत्रमा पशुपालन गर्नेको संख्या बाक्लै थियो । कुनै समय गोठमा रहेका पशुचौपाया र ठेँकी हेरेर घरको हैसियत आकलन गरिन्थ्यो । अहिले समय, परिवेश फेरिएको छ । समयसँगै मानिस गाउँ छोडेर सहर र सहर छोडेर विदेश पस्न थालेका छन् । गाउँमा पशुपालन गर्ने, रैथाने सीपमा आधारित ठेकाठेकी बनाउने चुँदारा व्यवसाय पनि हराउँदै गएको स्थानीय बताउँछन्।

रैथाने सीप प्रयोग गरेर जङ्गलका काठबाट बनाइने ठेकाठेकी बिक्न छोडेपछि अहिले आफ्नो पेसा नै सङ्कटमा पर्ने अवस्था आएको जिल्लाका चुँदारा व्यवसायीले बताएका छन् । गाउँघरमा कतैकतै मही पारे पनि प्लास्टिकका ठेँकीको प्रयोग हुन थालेको ५० वर्षदेखि काठका ठेकाठेकी बनाउँदै आउनुभएका बुर्तिबाङका नोठबहादुर विकले बताउनुभयो । रैथाने काठका सामग्रीलाई आयातित प्लास्टिकका सामग्रीले विस्थापित गरेको उहाँको भनाइ छ ।काठबाट ठेका बनाउन विश्वकर्मा समुदायका मानिस सिपालु मानिन्छन् । ठेकी कुद्ने कामलाई गाउँघरमा चुदारा पेसा भन्ने गरिएको विकले बताउनुभयो । कलात्मक रुपमा कुँदेर बनाइएका काठका सामग्रीको प्रयोग घट्दै गएपछि यो पेसामा लागेका व्यवसायी पनि सङ्कटमा पर्न थालेका उहाँको भनाइ छ ।"व्यवसाय नै परिवर्तन गर्ने अवस्था आएको । काठका भाँडाकुँडा र सामग्री बनाउन प्रयोग गरिने दारलगायतका रुख र काठको अभाव खेपिरहेका बेला यसको प्रयोग घट्दै गएपछि जीविकोपार्जन गर्नसमेत समस्या हुन लागेको छ", विकले भन्नुभयो।

वर्षौंदेखि काठ कुँद्ने पेसा गर्दै आएका बेनी नगरपालिका-५ पुलाचौर चिप्लेटीका श्रीकृष्णलाल विश्वकर्माले यो पेसाबाट पलायन हुनुपर्ने अवस्था आएको बताउनुभयो । १०/१२ वर्षको उमेरदेखि बाबुबाजेले अँगाल्दै आएको पेसालाई आफूले निरन्तरता दिएको भन्दै उहाँले दरबाट बनेका ठेकाठेकी बिक्न छोडेपछिजीविकोपार्जनमासमस्या हुन थालेको बताउनुभयो ।आफूले बनाएका काठका सामग्री सदरमुकाम बेनी, गलेश्वरलगायत ठाउँमा बिक्री हुने गरेकामा पछिल्लो समय बिक्रीमा कमी आएको श्रीकृष्णलालको भनाइ छ । केही वर्षअघिसम्म काठका सामान बनाएर मासिक रू २५/३० हजारसम्म आम्दानी हुने गरेको भन्दै पछिल्लो समय मेलापर्वजस्ता विशेष अवसरमा पनि काठका सामग्री बिक्री हुन छोडेका उहाँले बताउनुभयो । रासस

# किसान पुनः चिराइतो खेतीतर्फ

फुङ्लिङ । ताप्लेजुङका किसान चिराइतो खेतीतर्फ आकर्षित भएका छन्। चिराइतोको बजार मूल्य बढेसँगै उनीहरु यसतर्फ आकर्षिक भएका हुन्।

फक्ताङलुङ गाउँपालिका-६ का केरसी लिम्बू पाँच वर्षपछि पुनः चिराइतो खेती गर्न थाल्नुभएको छ। उहाँसँग चिराइतो खेतीको लामो अनुभव छ । विगतका वर्षमा चिराइतो खेती नै मुख्य पेसा बनाउनुभएका लिम्बूले कोभिड-१९ को समयमा यसको बजार मूल्यमा ह्रास आएपछि खेती गर्न छोडेर अन्य पेसामा लाग्नुभएको थियो।

फक्ताङलुङ गाउँपालिकाभित्र नै धेरै चिराइतो उत्पादन गर्ने लिम्बूले वर्षमा ६५ मन (४० किलो) सम्म चिराइतो उत्पादन गर्नुहुन्थ्यो । लामो समय चिराइतोको बजार मूल्यामा ह्रास आएसँगै बिक्री गर्न समस्या भएपछि अलैंची बगान विस्तार गर्न लागेको उहाँले बताउनुभयो। लिम्बूले अहिले १२ रोपनी क्षेत्रफलमा चिराइतो खेती गर्नका लागि तयारी गरिरहनुभएको छ।

फक्ताङलुङ-६ लुङथुङका तीर्थ राई पनि अहिले हाल चिराइतोको बीउ छर्नमा व्यस्त हुनुहुन्छ । उहाँले खेताला खोजेर ३० रोपनी क्षेत्रफल झाडी फाँडेर चिराइतोका लागि जग्गा तयार गर्नुभएको छ। फाँडेको झाडीमा आगो लगाएर चिराइतो छर्नका लागि उपयुक्त जग्गा तयार गरेको राईले बताउनुभयो । "चिराइतोको बीउ तयार गरेको छु । अब एक हप्तापछि छर्ने योजना बनाउँदै छु", राईले भन्नुभयो, "एक वर्ष त चिराइतो बिक्री नै भएन । त्यसपछि सबैले खेती गर्न छोडेका थिए। यस वर्ष गाउँमा नै प्रतिमन रु ४२ हजारसम्ममा खरिद गर्ने व्यापारी आउनुभयो। तर गाउँमा उत्पादन न्यून थियो।"

चिराइतोको उचित मूल्य आउने आशमा राईले दुई वर्ष अगाडि २० रोपनी क्षेत्रफलमा चिराइतो खेती गर्नुभएको थियो। आउँदो कात्तिकसम्ममा बिक्री गर्न योग्य हुने राईले बताउनुभयो। गत वर्ष उहाँले १६ रोपनी क्षेत्रफलमा चिराइतो खेती गर्नुभएको थियो। अहिले राईले ३० रोपनी क्षेत्रफलमा चिराइतो खेती गर्न लाग्नुभएको छ। राईले भन्नुभयो, "अहिले लगाएको चिराइतो अबको २७ महिनामा उत्पादन हुने आशा छ।" केही



स म य किसानले चिराइतो खेती गर्न छोडेपछि अहिले बीउ पाउनसमेत मुस्किल परेको किसान बताउँछन्। विगत प्रशस्त मात्रमा पाईने चिरातोको बीउ अहिले प्रतिमाना रु दुई हजार ५०० मा खरिद बिक्री हुने गरेको छ।

फक्ताङलुङ-५ हेल्लोकगाउँका रविन आङबोहाङले चिराइतो खेती गर्न छोड्नुभएको चार वर्ष भएको थियो। तर अहिले चिराइतो खेती गर्नका लागि उहाँ आठ रोपनी जग्गा तयार गर्नुभएको छ । "दुई वर्षयता चिराइतोको उचित बजार मूल्य पाइन थालेको छ । गाउँमा अहिले सबै चिराइतो खेती गर्ने तयारीमा छन्।" आङबोहाङले भन्नुभयो, "अहिले बजार मूल्य राम्रो पाइने आशले गाउँका प्रायः सबै किसान खेती गर्न लागेका छन्।"

चिराइतो छर्ने समय सुरु भएको छ । चिराइतोका लागि वनजङ्गल तथा झाडी फाँडेर १५ देखि २० दिन राख्नुपर्दछ । त्यसपछि सुकेको झाडीमा आगो लगाउनुपर्दछ । आगो लगाएको ठाउँमा केही दिनको अन्तरमा चिराइतो छर्नुपर्दछ । चिराइतोसँगै अन्य बालीसमेत किसानले लगाउने गर्दछन् । उनीहरुले मकै, घैया, कागुनी, लटेजस्ता रैथाने बाली लगाउने गर्छन्।

ताप्लेजुङको हिमाली क्षेत्रमा बसोबास गर्ने किसानले चिराइतो खेती गर्दै आएका छन् । फक्ताङलुङ गाउँपालिका, सिरिजङ्गा, सिदिङवा र मिक्वाखोला गाउँपालिका विशेष रुपमा चिराइतो उत्पादन हुन्छ । डिभिजन वन कार्यालय ताप्लेजुङका अनुसार विगत दुई वर्षको तुलनामा यस वर्ष चिराइतो निकासीमा वृद्धि भएको छ। जिल्लामा चिराइतो उत्पादनमा कमी आएको भए पनि पछिल्लो तीन वर्षको तथ्याङ्कअनुसार यस वर्ष निकासीमा वृद्धि भएको छ। चालु आर्थिक वर्ष २०८०/८१ मा पाँच हजार आठ सय २० किलो चिराइतो निकासी भएको छ। आव २०७८/७९ मा तीन हजार दुई सय ८० किलो चिराइतो निकासी भएको थियो।

यस्तै आव २०७९/८० मा पाँच हजार आठ सय किलो चिराइतो निकासी भएको डिभिजनल वन अधिकृत बद्रीप्रसाद साहले जानकारी दिनुभयो । विसं २०७० यता ताप्लेजुङमा ३८ हजार किलो चिराइतो सङ्कलन भएको तथ्याङ्क छ । सो अवधिमा चिराइतोबाट रु सात लाख ९६ हजार राजस्व सङ्कलन भएको थियो ।रासस

# मधेश प्रदेशमा सुरक्षा व्यवस्था कडा

**टुडे समाचारदाता**

जनकपुरधाम । होली पर्वलाई दृष्टिगत गर्दै मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले प्रदेशमा सुरक्षा व्यवस्था कडा पारेको छ।

होली पर्वमा हुनसक्ने आपराधिक घटनालाई नियन्त्रणमा लिन सुरक्षा व्यवस्थामा कडाइ गरिएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता तथा सूचना अधिकारी श्यामकुमार महतोले बताए।

उनका अनुसार मधेश प्रदेशका सबै जिल्लामा गरी चार हजार ४२ जना प्रहरी परिचालन गरिएको छ।

पैदल गस्ती, मोबाइल गस्ती परिचालन गरिनुका साथै राजमार्ग र भित्री सडकखण्डमा चेक प्वाइन्टहरु खडा गरिएको जानकारी उनले दिए । शान्ति सुरक्षा खलबलिन नदिनका लागि होली पर्वको अवधिमा मदिरा सेवन गरेर सवारी चलाउने, क्षमताभन्दा बढी सवार गराएर चलाउने सवारी चालकलाई तत्कालै कारवाही गरिने प्रवक्ता महतोले बताए । उनले जथाभावी रङ लगाउने, लोला हान्ने, मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, अश्लील गीत बजाएर नाच्ने, बाटो हिँड्ने महिलालाई अभद्र व्यवहार गर्ने जस्ता क्रियाकलाप नगर्न आग्रह गर्दै मर्यादित भएर होली पर्व मनाउन आग्रह गरे।



# सभामुख मण्डल महामूर्ख

**टुडे समाचारदाता**

जनकपुरधाम । होलीको अवसर पारी मिथिला नाट्यकला परिषद्ले महामूर्ख सम्मेलनको आयोजना गरी प्रत्येक वर्ष प्रदान गर्दैआएको महामूर्खको उपाधि यस वर्ष मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डललाई प्रदान गरेको छ।

राजनीति क्षेत्रमा सक्रिय भएर समाजका लागि गरेको योगदानको कदर गर्दै उनलाई महामूर्ख २०८० को उपाधिले सम्मान गरिएको छ । विभिन्न माध्यमले समाजमा अतुलनीय योगदान गर्ने एक जना व्यक्तिलाई मिनापले होलीको अवसर पारी प्रत्येक वर्ष महामूर्खको उपाधि प्रदान गर्दैआएको छ।

सोमबार जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साह र मिथिला युवा नाट्यकला परिषद्का अध्यक्ष परमेश झाले संयुक्त रूपमा प्रदेश सभाका सभामुख मण्डललाई सो सम्मान प्रदान गरे । कृषिउपजका बस्तुले तयार पारिएको माला, फूलको माला र उपहार दिएर सम्मान प्रदान गरिएको मिनापका महासचिव शैलेन्द्र मल्लिकले जानकारी दिए।



कार्यक्रममा प्रदेश सभाका सभामुख मण्डलले होली हजारौं वर्षदेखि समाजले मनाउँदै आएको र यसको प्रेम, सदभाव भाइचारा कायम गर्न महत्त्वपूर्ण स्थान रहेको बताए। यस प्रकारको सम्मान दिएर मिनापले आफूलाई अझ बढी जिम्मेवार बनाउन खोजेको भन्दै मिथिला संस्कृतिको संरक्षणका लागि आफूबाट हुन सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाए।

महामूर्ख सम्मेलनमा समाजको विभिन्न क्षेत्रमा रहेर समाजका लागि दिँदैआएको योगदानको कदर गर्दै मिनापले अर्थमन्त्रालयका सचिव सुभाषचन्द्र शिवाकोटीलाई पटमूर्ख, साहित्यकार प्रेम विदेह ललनलाई मूर्खमहामण्डलेश्वर, शिक्षक महावीर दासलाई सदाबहारमूर्ख, युवा अभियानी दिनेश पूर्वेलाई बैशाखानन्द, नित्यानन्द मण्डललाई खेसारीलाल, सुभाष चन्द्र साहलाई स्थायीमूर्ख, युनाप पर्वाहालाई निर्विकल्पमूर्ख, पिपरा गाउँपालिकाका उप मेयर बन्दना पाण्डेलाई दिलतोरिया, कलाकार सुधिरा कर्णलाई हरिप्रिया, मधेश प्रदेश क्रिकेट टिमका कप्तान हरिशंकर साहलाई लोरहाशंकर, योग प्रशिक्षक विमल पण्डितलाई बुरिराज, कलाकार योगेन्द्र पण्डितलाई बज्रकिट, अनिकेत रंगटालाई सोटानन्द मानपदवीबाट सम्मानित गरिएको थियो।

विगत २८ वर्षदेखि आयोजना हुँदैआएको महामूर्ख सम्मेलन यस वर्ष मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र जनकपुरधाम उपमहानगरपालिकाको सहयोगमा आयोजना भएको छ । कार्यक्रममा राजनीति र समाजमा देखिएका विकृतिको सम्बन्धमा कविहरूले विभिन्नखालका कविता वाचन गरी सहभागीलाई हँसाएका थिए । मिनापका कलाकारले लोकभाकाका होरी गीतहरू गाएर सहभागीलाई मनोरञ्जन गराएका थिए।

# सडक दुर्घटनामा एकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामबाट ढल्केवर तर्फ जादै गरेको एम्वुलेन्स मोटरसाईकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार एकजनाको मृत्यु भएको छ।

जनकपुरधाम ढल्केबर सडकखण्डको मिथिला नगरपालिका २ विश्वकर्मा चोकमा ढल्केवर तर्फ गइरहेको प्र २-०२-००१ च ०७१२ नम्वरको पवित्री हेल्थ केयर विष्णुपुर सिरहाको नाममा रहेको एम्वुलेन्सले ज ११ प १९९ नम्वरको मोटरसाईकललाई ठक्कर दिँदा मोटरसाईकलमा सवार मिथिला नगरपालिका ३ हरिहरपुरका २२ वर्षीय जितेन्द्र महतोको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

घाइते महतोलाई प्रादेशिक अस्पताल जनकपुरधाम ल्याइ स्वास्थ्य जाँच गर्दा मृत घोषणा गरिएको प्रहरीले जनाएको छ। त्यसैगरि मोटरसाईकलमा सवार सोही ठाउँका २५ वर्षीय सरोज कुमार महतोको टाउको र शरीरमा गम्भीर चोट लागि प्रादेशिक अस्पतालमा उपचार सम्भव नभएपछि न्यूरो अस्पताल जनकपुरधाममा पठाइएको प्रहरीले जनाएको छ।

# मिथिला माध्यमिकी परिक्रमा सम्पन्न, होली आज

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाको महाकुम्भ मानिने १५ दिवसीय मिथिला माध्यमिकी परिक्रमा सम्पन्न भएको छ । परिक्रमाका यात्री सोमबार जनकपुरधामको अन्तगृह परिक्रमा गरेपछि विधिवत् रुपमा परिक्रमा सम्पन्न भएको छ।

अन्तगृह परिक्रमामा करिब एक लाखभन्दा बढी श्रद्धालुको सहभागिता रहेको अनुमान गरिएको छ । माध्यमिकी परिक्रमा भाग लिन नसकेको श्रद्धालुहरु अन्तगृह परिक्रमामा सहभागी भए मोक्षको भागी बन्ने जनविश्वास छ । नेपाल भारत दुबै मुलुकको धार्मिक सांस्कृतिक एवम् पारम्परिक सद्भावका प्रतीक बनेको परिक्रमा नेपाल र भारतका साधुसन्त, महन्थ र श्रद्धालु सहभागी भएका थिए।



फागुन २७ गते धनुषाको मिथिला बिहारी नगरपालिका-८, कचुरीमा रहेको मिथिला बिहारी मन्दिरबाट मिथिला माध्यमिकी परिक्रमा सुरु भएको थियो । त्यसपछि हनुमानगढी, भारतको कल्याणेश्वर, गिरिजास्थान, मटिहानी, जलेश्वर, मडइ, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, सत्तोषर, औरही, करुणा, विशौल हुँदै जनकपुरधाम आइपुगेका थिए।

हिन्दू धर्मको प्रसिद्ध ग्रन्थ 'मिथिला महात्म्य' का अनुसार यो परिक्रमा १८ औं शताब्दीदेखि सुरु भएको उल्लेख गरिएको छ । जनकपुरधामस्थित मिथिलाविहारीका महन्थ रामनरेश दासका अनुसार प्राचीन मिथिलाका राजा जनकको दरबार र आसपास क्षेत्रको परिक्रमा गर्दा पुण्यप्राप्ति हुने विश्वास छ । मर्नुअघि कम्तीमा एकपटक परिक्रमामा सहभागी हुँदा मरणोपरान्त मोक्ष प्राप्त हुने जनविश्वास रहेकाले परिक्रमामा वृद्धवृद्धाको बढी सहभागिता हुने गरेको उनले जानकारी दिए। खासगरी रामायणमा वर्णन गरिएबमोजिम राम र सीताले घुमेको प्रसिद्ध धार्मिकस्थलहरुको दर्शन गर्न यो परिक्रमाको थालनी भएको साधुसन्तहरुको भनाइ छ। हरेक वर्ष फागुन शुल्क औंसीको दिन सुरु हुने यो परिक्रमा पूर्णिमाको दिन जनकपुरधामको अन्तरगृह घुमेर सकिन्छ।

जनकपुरधामको पिडारी चोक, मिल्स एरिया, भानुचोक, कदम चोक, विषहरा चोक, मुरली, भ्रमपुरा, ज्ञानकुप हुँदै पुनः पिडारी चोकसम्म आइपुग्दा पाँच कोश पुग्छ । जनकपुरधामको अन्तर गृह परिक्रमा गरेको भोलिपल्ट मात्रै जनकपुरधाम लगायत वरपरका क्षेत्रमा होली खेल्ने चलन छ। जनकपुरधाममा यसवर्ष मङ्गलबार होली मनाउने भएको छ भने तराईका अन्य भूभागमा सोमाबार) होली मनाइएको छ।


## सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण सधै लगआउट गरौ ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीलाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरीचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔँ ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं ।

**सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसवाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड










जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८